# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालयको नाम:–** श्री जिल्ला विकास समितिको कार्यालय, सुनसरी ।

**कार्यालय प्रमुख :–** स्था.वि.अ.श्री राजेन्द्रदेव पाण्डे (२०७१।४।१-२०७१।६।८ सम्म)
स्था.वि. अ. श्री युवराज अधिकारी (२०७१।६।२७ देखी पुरै अवधि)

**आर्थिक वर्ष –** २०७१।७२

**लेखा प्रमुख:–** लेखा अधिकृत श्री मनोजकुमार सुनुवार (२०७१।४।१-२०७१।६।८ सम्म
लेखा अधिकृत श्री केशरबहादुर कार्की (२०७१।६।६ देखी पुरै अवधि)
लेखापाल श्री चुडामणि ढकाल (पुरै अवधि)

**बजेट उपशीर्षक नं.:–** विभिन्न

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| सि.नं. | वजेट उपशिर्षक नम्वर | गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाकी | खर्च मध्ये पेश्की वांकी |
|---|---|---|---|---|---|---|---|
| १. | जि.वि.स. कोष (धरौटी समेत) | ३,५५,३३,७३५।५६ | ८७,६४,७६,३३५।५४ | ९१,२०,१०,०७१।१० | ८७,९१,४०,०२३।८९ | ३,२८,७०,०४७।२१ | १०,५०,२००।- |
| २. | केन्द्रीय वजेट तर्फ | | ४१,७९,३८,४१९।६२ | ४१,७९,३८,४१९।६२ | ४१,७९,३८,४१९।६२ | | २१,५७,१९,६८५।८२ |
| ३. | केन्द्रीय राजश्व | | १,३०,९४,६३३।४६ | १,३०,९४,६३३।४६ | १,३०,९४,६३३।४६ | | |
| | जम्मा | ३,५५,३३,७३५।५६ | १,३०,७५,०९,३८८।६२ | १,३४,३०,४३,१२४।१८ | १,३१,०१,७३,०७६।९७ | ३,२८,७०,०४७।२१ | २१,६७,६९,८८५।८२ |

उपर्युक्त आर्थिक कारोवारको पूर्व स्वीकृत लेखापरीक्षण योजनाको आधारमा नमूना छनौटको आधारमा गरिएको लेखापरीक्षणबाट देखिएका व्यहोराको सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसँग मिति २०७२।१०।२० मा छलफल गरी प्रारम्भिक प्रतिवेदनमा कायम गरिएका व्यहोराहरु देहायअनुसार छन् :-

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **परिचय** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, सुनसरीको आर्थिक वर्ष २०७१।७२ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । | | | |
| | | **ले.प.को क्रममा असुली :** सुनौला हजार दिन कार्यक्रम अन्तर्गत कट्टा नगरेको अग्रीम आयकर रू. १,०२,४५५।- र सामाजिक सुरक्षा वापत रू. १७१,०००।- समेत जम्मा रू. २७३,४५५।- दाखिला भएको । | | | |
| | | **वित्तीय तथा आर्थिक व्यवस्थापन** | | | |
| १ | | **आय–व्ययको स्थिति** – कार्यालयले लेखापरीक्षण टोलीलाई उपलब्ध गराएको एकिकृत आय व्यय विवरण अनुसार आ.व.२०७१।७२ को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ : | | | |

| क.स. | वउशिनं. | आय | | रकम | ब्यय | | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | | **गत बर्षको जिम्मेवारी:** | | ३५,५३३,७३५।५६ | **वजेट खर्च :** | | २०४,८४०,७१७४० |
| १.१ | | जि.वि.स.कोष चालु | १०७७५ | | जि.वि.स. अनुदान (चालु) | ३३,६३१,०००।०० | |
| १.२ | | वैकल्पिक उर्जा प्रवर्द्धन | १३७५० | | जि.वि.स. अनुदान (पूँजीगत) | ५६,४९५,१६९।४० | |
| १.३ | | जि.वि.स.कोष पूँजीगत | १७२,९७९।२६ | | गा.वि.स. अनुदान (चालु) | १९,९२२,०००।०० | |
| १.४ | | भारतीय राजदुतावास कार्यक्रम | १,५९९,१००।८० | | गा.वि.स. अनुदान (पूँजीगत) | ९४,७९२,५४८।०० | |
| १.५ | | कुम्भ मेला बराहक्षेत्र | ९९४,१००।०० | | **अन्य कोष खर्च:** | | ६६५,१९८,९०२।२७ |
| १.६ | | सडक बोर्ड कार्यक्रम | ४६६,९७४।३३ | | जि.वि.स. कोष चालु | २१,६८३,८४२।३६ | |
| १.७ | | मर्मत सम्भार विशेष कोष | ८२०,०००।०० | | जि.वि.स. कोष पूँजीगत | ३०,९६४,५४८।८० | |
| १.८ | | वातावरणीय व्यवस्थापन कोष | ९३८,२८५।१६ | | वैकल्पिक उर्जा प्रवर्द्धन | ६३४,२२५।०० | |
| १.९ | | लघु उद्यम कार्यक्रम | १७३,२७०।१५ | | भारतीय राजदुतावास सहयोग कार्यक्रम | ६,५२६,२३६।७५ | |
| १.१० | | गरिवी निवारण तथा सामाजिक परिचालन कोष | १००,०००।०० | | यूएनएफपिए कार्यक्रम | १,५२०,८३२।०० | |
| १.११ | | प्रकोप व्यवस्थापन विशेष कोष | २५६,५३३।०० | | कुम्भ मेला बराहक्षेत्र | ५,९७४,८००।०० | |
| १.१२ | | कर्मचारी कल्याण कोष ब.हि.नं. ८१८७ | ३,९२९,३९४।५२ | | घटना दर्ता कार्यक्रम-प्लान नेपाल | ६३०,९२९।०० | |
| १.१३ | | कर्मचारी कल्याण कोष मुद्दती | २,५००,०००।०० | | केन्द्रीय दलित कार्यक्रम (ड्राफ्ट मार्फत) | २४९,६५०।०० | |
| १.१४ | | धरौटी | ९,०९०,८८६।०४ | | सेहरा खोला पुल साझेदारी मार्फत | १,०४३,०००।०० | |
| १.१५ | | ०२ग४/१ ट्रान्सफर खाता | १०९,००७।३७ | | सडक बोर्ड कार्यक्रम | ४,५०४,७८०।०० | |
| १.१६ | | ०२ग४/२ ट्रान्सफर खाता | २१२,१४०।७८ | | मर्मत संभार कोष | २,१८३,२८३।१७ | |
| १.१७ | | ०२ग४/३ ट्रान्सफर खाता | १३,८९२,८९७।३८ | | वातावरणीय व्यवस्थापन विशेष कोष | ३,४१७,६७०।८२ | |
| १.१८ | | ०२ग४/४ ट्रान्सफर खाता | ९,४५७।९५ | | महिला वालवालिका विशेष कोष | १००,०००।०० | |
| १.१९ | | ०२ग४/५ ट्रान्सफर खाता | २६८,४६३।५७ | | मानव संसाधन विशेष कोष | १००,०००।०० | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|
| २ | | **नेपाल सरकारको अनुदान** | | २०४,८४०,७१७४० | लघु उद्यम कार्यक्रम | १६९,५००।०० | |
| २.१ | ३६५८०१३ | जि.वि.स. अनुदान (चालु) | ३३,६३१,०००।०० | | गरिवी निवारण तथा सा.प. कोष | १००,०००।०० | |
| २.२ | ३६५८०१३ | जि.वि.स. अनुदान (पूँजीगत) | ५६,४९५,१६९।४० | | प्रकोप व्यवस्थापन कोष | २४४,५००।०० | |
| २.३ | ३६५८०२३ | गा.वि.स. अनुदान (चालु) | १९,९२२,०००।०० | | कर्मचारी कल्याण कोष ब.हि.नं. ८१८७ | २५०,१४७।३७ | |
| २.४ | ३६५८०२३ | गा.वि.स. अनुदान (पूँजीगत) | ९४,७९२,५४८।०० | | वातावरणीय व्यवस्थापन (म्याचिङ्गतर्फ) | २००,०००।०० | |
| ३ | | **आन्तरिक श्रोत:** | | ५२,८००,०००।०० | प्रकोप व्यवस्थापन (कार्यक्रम तर्फ) कोष | १००,०००।०० | |
| ३.१ | | क) कर दस्तुर सेवा शुल्क र भाडा | २७,७७१,२०९।९६ | | ०२ग४/१ ट्रान्सफर खाता | २९७,०३४,१६२।०० | |
| ३.२ | | ख) राजश्व बाँडफाँडबाट | २५,०२८,७९०।०४ | | ०२ग४/२ ट्रान्सफर खाता | १९२,२६७,०००।०० | |
| ४ | | **अन्य श्रोत:** | | ६१०,२५०,०६४।३२ | ०२ग४/३ ट्रान्सफर खाता | ३९,०७६,४६१।०० | |
| ४.१ | | वैकल्पिक उर्जा प्रवर्द्धन | ६९१,३८१।०० | | ०२ग४/४ ट्रान्सफर खाता | ४२,३६४,७८०।०० | |
| ४.२ | | भारतीय राजदुतावास कार्यक्रम | ५,०५७,८८३।०० | | ०२ग४/५ ट्रान्सफर खाता | १३,८५८,५५४।०० | |
| ४.३ | | यूएनएफपिए कार्यक्रम | १,६४०,८७२।०० | | **केन्द्रिय राजश्व दाखिला** | **१३,०९४,६३३।४६** | **१३,०९४,६३३।४६** |
| ४.४ | | कुम्भ मेला बराहक्षेत्र | ४,९९४,९००।०० | | **धरौटी खर्च:** | **९,१००,४०४।२२** | **९,१००,४०४।२२** |
| ४.५ | | घटना दर्ता कार्यक्रम-प्लान नेपाल | ६४०,२५५।०० | | _ | | |
| ४.६ | | केन्द्रीय दलित कार्यक्रम (ड्राफ्ट मार्फत) | २४९,६५०।०० | | | | |
| ४.७ | | सेहरा खोला पुल साझेदारी मार्फत | २,५००,०००।०० | | **मौज्दात:** | | **३२,८७०,०४७।२१** |
| ४.८ | | सडक बोर्ड कार्यक्रम | ४,५००,०००।०० | | जि.वि.स.कोष चालु | ३१६,२६५।३९ | |
| ४.९ | | मर्मत सम्भार विशेष कोष | १,४५०,०००।०० | | वैकल्पिक उर्जा प्रवर्द्धन | ५७,२९३।५० | |
| ४.१० | | वातावरणीय व्यवस्थापन कोष | २,८८४,९३४।०० | | जि.वि.स.कोष पूँजीगत | ८,४३०।४६ | |
| ४.११ | | महिला वालवालिका विशेष कोष | १००,०००।०० | | भारतीय राजदुतावास सहयोग कार्यक्रम | १३०,७४७।०५ | |
| ४.१२ | | मानव संशाधन विशेष कोष | १००,०००।०० | | यूएनएफपिए कार्यक्रम | १२०,०४०।०० | |
| ४.१३ | | गरिवी निवारण तथा सामाजिक परिचालन कोष | १००,०००।०० | | कुम्भ मेला बराहक्षेत्र | १४,२००।०० | |
| ४.१४ | | प्रकोप व्यवस्थापन विशेष कोष | १६,५४०।०० | | घटना दर्ता कार्यक्रम-प्लान नेपाल | ९,३२६।०० | |
| ४.१५ | | कर्मचारी कल्याण कोष ब.हि.नं. ८१८७ | १,४८६,३९७।५४ | | सेहरा खोला पुल साझेदारी मार्फत | १,४५७,०००।०० | |
| ४.१६ | | वातावरणीय व्यवस्थापन (म्याचिङ्गतर्फ) | २००,०००।०० | | सडक बोर्ड कार्यक्रम | ४६२,१९४।३३ | |
| ४.१७ | | प्रकोप व्यवस्थापन (कार्यक्रम तर्फ) कोष | १००,०००।०० | | मर्मत संभार विशेष कोष | ८६,७१६।८३ | |
| ४.१८ | | ०२ग४/१ ट्रान्सफर खाता | २९७,०३४,१६२।०० | | वातावरणीय व्यवस्थापन विशेष कोष | ४०५,५४८।३४ | |
| ४.१९ | | ०२ग४/२ ट्रान्सफर खाता | १९३,८०२,६००।०० | | लघु उद्यम कार्यक्रम | ३,७७०।१५ | |
| ४.२० | | ०२ग४/३ ट्रान्सफर खाता | ३४,४७१,६२७।९९ | | गरिवी निवारण तथा सा.प. कोष | १००,०००।०० | |
| ४.२१ | | ०२ग४/४ ट्रान्सफर खाता | ४४,११४,०५६।०० | | प्रकोप व्यवस्थापन कोष | २८,५७३।०० | |
| ४.२२ | | ०२ग४/५ ट्रान्सफर खाता | १४,११४,८०५।७९ | | कर्मचारी कल्याण कोष ब.हि.नं. ८१८७ | ५,१६५,६४४।६९ | |
| **५** | | **केन्द्रिय राजश्व** | **१३,०९४,६३३।४६** | **१३,०९४,६३३।४६** | कर्मचारी कल्याण कोष मुद्दती खाता | २,५००,०००।०० | |
| **६** | | **धरौटी आम्दानी:** | **८,५८५,५५३।८२** | **८,५८५,५५३।८२** | धरौटी खाता | ८,५७६,०३५।६४ | |
| | | _ | | | ०२ग४/१ ट्रान्सफर खाता | १०९,००७।३७ | |
| | | _ | | | ०२ग४/२ ट्रान्सफर खाता | १,७४७,७४०।७८ | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | रकम | फछ्र्यौटको विवरण | | रकम |
|---|---|---|---|---|---|---|---|
| | | _ | | | ०२ग४/३ ट्रान्सफर खाता | ९,२८८,०६४।३७ | |
| | | _ | | | ०२ग४/४ ट्रान्सफर खाता | १,७५८,७३३।९५ | |
| | | _ | | | ०२ग४/५ ट्रान्सफर खाता | ५२४,७१५।३६ | |
| | | **आन्तरिक तर्फको जम्मा** | | ९२५,१०४,७०४।५६ | **आन्तरिक तर्फको जम्मा** | | ९२५,१०४,७०४।५६ |
| ७ | | **केन्द्रय अनुदान तर्फ** | | ४१७,९३८,४१९।६२ | **केन्द्रय अनुदान तर्फ** | | ४१७,९३८,४१९।६२ |
| ७.१ | ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | १९,२५०,४९५।५० | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | १९,२५०,४९५।५० | |
| ७.२ | ३६५८१९४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पूँजीगत | ३८०,०००।०० | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पूँजीगत | ३८०,०००।०० | |
| ७.३ | ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ९,६९०,२२६।६५ | | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ९,६९०,२२६।६५ | |
| ७.४ | ३६५८४५३ | गरीवसँग विश्वेश्वर कार्यक्रम | १,९७३,०००।०० | | गरीवसँग विश्वेश्वर कार्यक्रम | १,९७३,०००।०० | |
| ७.५ | ३६५१०६३ | उपेक्षित, उत्पीडित र दलित वर्ग उ.वि.स. | ३००,०००।०० | | उपेक्षित, उत्पीडित र दलित वर्ग उ.वि.स. | ३००,०००।०० | |
| ७.६ | ३६५१०५३ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | २००,०००।०० | | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | २००,०००।०० | |
| ७.७ | ३६५१०८३ | पिछडिएको समुदाय उत्थान विकास समिति | ९००,०००।०० | | पिछडिएको समुदाय उत्थान विकास समिति | ९००,०००।०० | |
| ७.८ | ३६५१०१४ | बौद्ध दर्शन तथा गुम्वा विकास समिति | ३५०,०००।०० | | बौद्ध दर्शन तथा गुम्वा विकास समिति | ३५०,०००।०० | |
| ७.९ | ३६५८३८३ | सुनौला हजार दिन | ३०,६२४,११५।८० | | सुनौला हजार दिन | ३०,६२४,११५।८० | |
| ७.१० | ३६५८५०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ७८,६९१,८६७।७१ | | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ७८,६९१,८६७।७१ | |
| ७.११ | ३६५८०९४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६,५७४,०००।०० | | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६,५७४,०००।०० | |
| ७.१२ | ३६५१०४३ | स्थानीय निकाय वित्तीय आयोग | ३४८,०००।०० | | स्थानीय निकाय वित्तीय आयोग | ३४८,०००।०० | |
| ७.१३ | ३६५८३१४ | स्थानीयस्तरका सडक पुल तथा सा.पहुँच सुधार | ७,२९०,८१०।२४ | | स्थानीयस्तरका सडक पुल तथा सा.पहुँच सुधार | ७,२९०,८१०।२४ | |
| ७.१४ | ३६५८३७४ | साना सिंचाई, नदी नियन्त्रण र अन्य पूर्वाधार | ५,१३९,६१२।७२ | | साना सिंचाई, नदी नियन्त्रण र अन्य पूर्वाधार | ५,१३९,६१२।७२ | |
| ७.१५ | ३६५८०४३ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम चालु | ३५२,०००।०० | | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम चालु | ३५२,०००।०० | |
| ७.१६ | ३६५८०४४ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम पूँजीगत | २,१४०,०००।०० | | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम पूँजीगत | २,१४०,०००।०० | |
| ७.१७ | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम | २२०,२५३,०४०।०० | | सामाजिक सुरक्षा कार्यक्रम | २२०,२५३,०४०।०० | |
| ७.१८ | ३२५११३३ | सँस्कृति प्रवर्द्धन कार्यक्रम | १९,५००,०००।०० | | सँस्कृति प्रवर्द्धन कार्यक्रम | १९,५००,०००।०० | |
| ७.१९ | ३३७१०७४ | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | ११,१९९,०००।०० | | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | ११,१९९,०००।०० | |
| ७.२० | ३४९८०१३ | स्थानीय शान्ति समिति | ६९६,५२१।०० | | स्थानीय शान्ति समिति | ६९६,५२१।०० | |
| ७.२१ | ६०१०१४३ | संचित विदा | ५९८,२८०।०० | | संचित विदा | ५९८,२८०।०० | |
| ७.२२ | ६०१०१८३ | औषधी उपचार | १,४८७,४५०।०० | | औषधी उपचार | १,४८७,४५०।०० | |
| | | | **केन्द्रिय अनुदानको जम्मा** | ४१७,९३८,४१९।६२ | | **केन्द्रिय अनुदानको जम्मा** | ४१७,९३८,४१९।६२ |
| | | | **कुल जम्मा** | १,३४३,०४३,१२४।१८ | | **कुल जम्मा** | १,३४३,०४३,१२४।१८ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **साझा एवं जि.वि.स. कोष तर्फको व्यहोरा** | | | |
| १.१ | | उपरोक्त आय व्यय रकममा वर्तमान विकेन्द्रित व्यवस्था अनुसार जि.वि.स. मार्फत् जिल्लास्थित कार्यालयहरुलाई निकासा पठाएको रकम समावेश गरिएको छैन । | | | |
| १.२ | | **विद्युतिय लेखा सफ्टवेयर तथा खाता प्रमाणित :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८ (५) मा जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाब कम्प्युटराइज्ड लेखा प्रणालीमा राख्नुपर्ने व्यवस्था छ । साथै, सार्वजनिक निकायले कागजात र अभिलेखको सही एवं समुचित तवरले सुरक्षण गर्नुको अलावा नीति निर्माण, प्रक्षेपण एवं पृष्ठपोषणका रुपमा उपयोग समेत गर्नुपर्दछ ।<br>कार्यालयले गत विगत वर्षदेखी आर्थिक प्रशासनसँग सम्बन्धित सूचना एवं तथ्यांकलाई मन्त्रालयले तोकेको कम्प्युटर सफ्टवेयरमा आंशिक रुपमा केन्द्रिय शिर्षकतर्फको मात्रै प्रविष्ट गर्ने गरेको देखिएतापनि विद्युतिय अभिलेख कार्यलाई थप र अतिरिक्त क्रियाकलापको रुपमा लिई कोषतर्फका अधिकांश भौचर लिखित उठाउने गरेको पाइयो । साथै कार्यालयले बैंक नगदी किताव लगायतका सहायक आर्थिक विवरणहरु लेखा तथा कार्यालय प्रमुखबाट प्रमाणित गरेर राखेको पाइएन । यसबाट विद्युतिय लेखा नतिजा भन्दा प्रक्रियामुखी हुने, आर्थिक अनुशासन कमजोर हुने, वास्तविक अंक एकिन गर्न नसकिने, तथ्यांक एवं सुचनाहरु सुलभ तरिकाले उपलब्ध हुन नसक्दा कार्यप्रक्रिया झन्झटिलो हुने तथा विगतको सूचनाबाट पृष्ठपोषण समेत प्राप्त नहुने स्थिति पैदा भएको छ । तसर्थ, कारोवारको लेखालाई विद्युतिय ढंगबाट सम्पादन गरी कार्यप्रक्रिया सरलीकरण र व्यवस्थीत गर्नुको साथसाथै प्रविष्ट भएका सूचना आधिकारिकता सहित सुरक्षण गर्ने सम्बन्धमा कार्यालय गम्भीर हुनुपर्ने देखिन्छ । | | | |
| १.३ | | **बैंक समायोजन बिबरण :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आय रकम खर्च नभई वाकी रहेमा आगामी आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको बैंक समायोजन समेतको विवरण अनुसार कोष तर्फ आषाढ मसान्तको बैंक मौज्दात रु ६५६५१६८६.५२ रहेकोमा श्रेस्ताअनुसारको मौज्दात रु ३२८७००४७.२१ देखिन आएबाट बढी बैंक मौज्दात देखिएको रकम रु ३२७८१६३९.३१ मध्ये आषाढमा काटिएको चेक श्रावणमा साटेको रु. १९४९७५३८.७९ कट्टा गर्दा हुन आउने रु. १३२८४१००.५२ बैंकमा जम्मा भएको तर कार्यालयमा बैंक भौचर प्राप्त नभएको भनि आम्दानी गरेको देखिएन । के वापत रकम जम्मा भएको हो सो को श्रोत यकिन गरी हिसाब मिलान सहित आम्दानी गर्नुपर्ने देखिएको रु | १३२८४१००.५२ | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| क्र.सं. | बैंक खाता नं. | श्रेस्ता अनुसार कार्यक्रम | | श्रेस्ता अनुसार मौज्दात रकम | बैंक अनुसार मौज्दात रकम | फरक पर्नाको कारण | | | फरक रकम घटाई यथार्थ हुने बैंक मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२ श्रावणमा चेक साटिएको रकम | बैंकमा रकम जम्मा भएको तर कार्यालयमा भौचर प्राप्त नभएको | जम्मा | |
| १ | ०२ग४/१ | केन्द्रीय चालु ट्रान्सफर खाता | | १०९,००७।३७ | १७४,७७४।३७ | | ६५,७६७।०० | ६५,७६७।०० | १०९,००७।३७ |
| २ | ०२ग४/२ | केन्द्रीय पूँजीगत ट्रान्सफर खाता | | १,७४७,७४०।७८ | १,७४७,७४०।७८ | | ( | ( | १,७४७,७४०।७८ |
| ३ | ०२ग४/३ | आन्तरिक आम्दानी/ट्रान्सफर खाता | | ९,२८८,०६४।३७ | ११,९८७,४८१।२८ | | २,६९९,४१६।९१ | २,६९९,४१६।९१ | ९,२८८,०६४।३७ |
| ४ | ०२ग४/४ | रजिष्ट्रेशन आम्दानी/ट्रान्सफर खाता | | १,७५८,७३३।९५ | २,२५८,७३३।८५ | | ४९९,९९९।९० | ४९९,९९९।९० | १,७५८,७३३।९५ |
| ५ | ०२ग४/५ | वैदेशिक अनुदान आम्दानी/ट्रान्सफर खाता | | ५२४,७१५।३६ | ९००,९५१।७८ | | ३७६,२३६।४२ | ३७६,२३६।४२ | ५२४,७१५।३६ |
| ६ | ०१ग२/१ | जि.वि.स.कोष चालु | ३१६,२६५।३९ | | | | | ( | ( |
| | | वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | ५७,२९३।५० | | | | | ( | ( |
| | | जम्मा | | ३७३,५५८।८९ | १२,९०२,४१६।८३ | ५,४७२,६३५।०५ | ७,०५६,२२२।८९ | १२,५२८,८५७।९४ | ३७३,५५८।८९ |
| ७ | ०१ग२/२ | जि.वि.स.कोष पूँजीगत | ८,४३०।४६ | | | | | ( | ( |
| | | भारतीय राजदुतावास कार्यक्रम | १३०,७४७।०५ | | | | | ( | ( |
| | | यूएनएफपिए कार्यक्रम | १२०,०४०।०० | | | | | ( | ( |
| | | कुम्भ मेला बराहक्षेत्र | १४,२००।०० | | | | | ( | ( |
| | | घटना दर्ता कार्यक्रम-प्लान नेपाल | ९,३२६।०० | | | | | ( | ( |
| | | सेहरा खोला पुल साझेदारी मार्फत | १,४५७,०००।०० | | | | | ( | ( |
| | | जम्मा | | १,७३९,७४३।५१ | १५,६२०,८७७।०० | १३,७८९,३७८।७३ | ९१,७५४।७६ | १३,८८१,१३३।४९ | १,७३९,७४३।५१ |
| ८ | ०१ग५/२ | सडक बोर्ड कार्यक्रम | ४६२,१९४।३३ | | | | | ( | ( |
| | | मर्मत सम्भार विशेष कोष | ८६,७१६।८३ | | | | | ( | ( |
| | | जम्मा | | ५४८,९११।१६ | १,६६६,५६८।६६ | २३५,५२५।०१ | ८८२,१३२।४९ | १,११७,६५७।५० | ५४८,९११।१६ |
| ९ | ०१ग५/६ | वातावरणीय व्यवस्थापन कोष | | ४०५,५४८।३४ | ४०९,३९४।९८ | | ३,८४६।६४ | ३,८४६।६४ | ४०५,५४८।३४ |
| १० | ०२ग५/५ | लघु उद्यम कार्यक्रम | | ३,७७०।१५ | ३०,८४३।१५ | | २७,०७३।०० | २७,०७३।०० | ३,७७०।१५ |
| ११ | ०२ग५/३ | गरिवी निवारण तथा सा.प. कोष | | १००,०००।०० | ८२४,५७८।०३ | | ७२४,५७८।०३ | ७२४,५७८।०३ | १००,०००।०० |
| १२ | ०१ग५/४ | प्रकोप व्यवस्थापन विशेष कोष | | २८,५७३।०० | १७७,५७५।३० | | १४९,००२।३० | १४९,००२।३० | २८,५७३।०० |
| १३ | ब.हि.नं. ८१८७ | कर्मचारी कल्याण कोष | | ५,१६५,६४४।६९ | ५,१६५,६४४।६९ | | ( | ( | ५,१६५,६४४।६९ |
| १४ | मुद्दती खाता | कर्मचारी कल्याण कोष | | २,५००,०००।०० | २,५००,०००।०० | | ( | ( | २,५००,०००।०० |
| १५ | ०१ग३ | धरौटी | | ८,५७६,०३५।६४ | ९,२८४,१०५।८२ | | ७०८,०७०।१८ | ७०८,०७०।१८ | ८,५७६,०३५।६४ |
| | | कूल जम्मा | | ३२,८७०,०४७।२१ | ६५,६५१,६८६।५२ | १९,४९७,५३८।७९ | १३,२८४,१००।५२ | ३२,७८१,६३९।३१ | ३२,८७०,०४७।२१ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जिल्ला विकास समितिले नियमितरुपमा बैंक हिसाब समायोजन तयार नगर्नु, धेरै खाताहरु भएका कारण एक खातामा जम्मा हुनुपर्ने रकम अर्को खातामा जम्मा हुन जानु, सापटी कारोवार हुनु, वेरुजु खातामा दाखिला गर्नुपर्ने रकम कार्यालयको खातामा जम्मा हुनु लगायतका कारण मौज्दात फरक पर्न गएको देखिन्छ । यसबाट जिल्ला विकास समितिको आर्थिक व्यवस्थापन जटिल र अस्पष्ट देखिन्छ । तसर्थ, नियमित बैंक समायोजन हिसाब तयार गरी मौज्दात फरक नहुने अवस्था सिर्जना गर्न कार्यालय संवेदनशिल हुनुपर्दछ । | | | |
| २ | | **आन्तरिक लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ मा आन्तरिक लेखापरीक्षण शाखाले गर्नु पर्ने काम उल्लेख छ ।<br><br>यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी १ जना आ.ले.प. अधिकृत र २ जना सहायक सहित ३ दरवन्दी रहेको छ । आ.ले.प.शाखाले नियमानुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी समयमै प्रतिवेदन गर्न सकेको देखिएन ।<br>आ.ले.प. शाखाबाट चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने गरेतापनि प्रतिवेदन वार्षिक रुपमा जारी हुने र प्रतिवेदनका व्यहोरा उपर कारवाहीको अवस्था कमजोर रहेको पाईयो । अतः नियमको भावना अनुरुप आन्तरिक लेखापरीक्षण प्रत्येक महिना सम्पन्न गरी प्रतिवेदन दिने तथा लेखापरीक्षणबाट औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही र शाखाको धारणा अन्तिम लेखापरीक्षणको समयमा लिखित रुपमा पेश गर्नुपर्दछ । त्यसको अतिरिक्त आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी वनाउन उक्त शाखाबाट नियमावलीले तोकेका देहायका कार्यहरु तोकेको समयमा हुनुपर्ने देखिन्छ ।<br>• जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा, गा.वि.स.का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्दछ ।<br>• गाँउ विकास समितिहरुको बेरुजु लगतलाई थप व्यवस्थित र आधिकारीक अभिलेख राखी सम्परिक्षण गर्ने व्यवस्था अबिलम्ब हुनु पर्दछ ।<br>• स्थानीय निकाय अर्न्तगतका कर्मचारीको वार्षिक तलबी प्रतिवेदन पारीत गरी लागू गर्ने तथा तलव भुक्तानीमा ग्रेड संख्यालाई त्रुटिरहित तुल्याउन आन्तरिक लेखापरीक्षण शाखाको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | | | |
| ३ | | **एकमुष्ठ बजेट विनियोजन** – स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार जिल्ला विकास समितिको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५१ (ड) मा स्थानीय निकायको परिषद्बाट वार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रुपमा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | एकमुष्ठ छुट्याउने वा अवण्डामा नराखी आयोजनागत रुपमा बजेट बाँडफाँड गर्नुपर्ने व्यवस्था छ । | | | |
| | | यस जिल्ला विकास समितिको कार्यालयले आ.व.२०७१।७२ को लागि जिल्ला परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृति गर्दा विभिन्न कार्यक्रमहरुको लागि कार्यक्रमगत र आयोजनागत रुपमा बजेट बांडफांट नगरी एकमुष्ट राखेको छ । यसरी एकमुष्ठ विनियोजन गरेको केही उदाहरण यस प्रकार छन् : | | | |

(रु.हजारमा)

| सि.नं. | वजेट शिर्षक/क्षेत्र | कार्यक्रमको नाम | अवण्डा रकम |
|---|---|---|---|
| १ | महिला तथा वालवालिका विकास कार्यक्रम | १. महिला सहकारी संस्थाहरूलाई संस्थागत सहयोग | ३३५ |
| | | २. कार्यक्रम व्यवस्थापन | २१५ |
| | | ३. वालविकास केन्द्र/विद्यालयहरूलाई शैक्षिक सामाग्री र फर्निचर वितरण | ४५० |
| | | ४. एक गाउँ एक पुस्तकालय | ४००० |
| | | ५. लोक सेवा तयारी कक्षा संचालन जिल्लास्तर | ३०० |
| | | ६. वाल क्लवलाई सामाग्री सहयोग | २५० |
| | | ७. श्रमिक वालवालिका पुनः स्थापना | ७० |
| २ | आदिवासी जनजाति उत्थान | १. साँस्कृतिक चाडपर्व तथा उत्सवमा सहयोग | २७० |
| | | २. लो.से.आ.तयारी कक्षा जिल्लास्तर | २०० |
| | | ३. श्रमिक वालवालिका पुनर्स्थापना | ७० |
| ३ | दलित विकास कार्यक्रम | १. शैक्षिक प्रोत्साहन कार्यक्रम | २०० |
| ४ | अपाङ्ग उत्थान कार्यक्रम | १. अपाङ्ग सामाग्री सहयोग | १५० |
| | | २. अपाङ्ग उपचार सहयोग | ७५ |
| ५ | जेष्ठ नागरिक उत्थान | १. जेष्ठ नागरिक संस्था सहयोग | १२० |
| ६ | तेश्रो लिङ्गी/समलिङ्गी कार्यक्रम | १. ड्राइभिङ्ग/व्युटिसियन तालिम | २४० |

लक्षित कार्यक्रम अनुसार बजेट विनियोजन नगरी एकमुष्ट रकम बजेट विनियोजन राख्नुमा कानूनको परिपालना नहुनु र स्वविवेकीय रुपमा योजना बांडफांड गर्ने वातावरण बनाउनु आदि कारण रहेका छन् ।

एकमुष्ठ शीर्षकमा रकम विनियोजन गर्दा पहुंच र प्रभावका आधारमा कार्यक्रमहरु सञ्चालन हुने, कुनै कार्यक्रममा आवश्यकताभन्दा बढी रकम खर्च हुनसक्ने र कुनैमा बजेटको अभाव भई कार्यक्रम

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नै अधुरो हुन सक्ने अवस्था रहन्छ । जिल्ला परिषद्बाटै क्रियाकलापगत रुपमा बजेट बांडफांड गरी लक्षित कार्यक्रमहरु समयमै सम्झौता गरी कार्यान्वयन हुने, पहुंच र प्रभावका आधारमा कार्यक्रम सञ्चालन नहुने, कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता गर्न बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्य हुनु जरुरी छ । | | | |
| ४ | | **विल भपाई पेश गर्नुपर्ने –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ. र मितिबाट निम्नानुसार भुक्तानी दिएकोमा आवश्यक विल भरपाई कागजात पेश भएको देखिएन । आवश्यक विल भरपाई विना भुक्तानी दिएको अनियमित रु. | २८१,१०८।०० | | |

| सि.नं. | ब.उ.शी.नं | गो.भौ.नं. मिति | कार्य विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लघु उद्यम कोष | २-०७१/५/३ | उद्यम र विकास रणनीति योजना पुस्तिका छपाई | भगवती पेपर वर्क्स सुनसरी | १६९५००.०० | कुन कार्यक्रम अन्तर्गत को छपाई हो र सो को वितरण भरपाई संलग्न नरहेको । |
| २ | ,, | ४५-०७१।९।२५ | संस्कृति पर्यटन | शिवकुमार रायमाझी | २०,०००।०० | माग गरेको निवेदन तथा भरपाई संलग्न नरहेको । |
| ३ | जि.वि.स.अनुदान | २४५-०७२।३।१६ | सोलार वितरण | सोलार कन्स्ट्रक्सन एण्ड इनर्जी प्रा.लि. | २२,०००।०० | भरपाइमा बुझ्केको सही छाप नरहेको |
| ४ | ,, | २१७-०७२।३।१० | दलित कार्यक्रम | प्लाई हाउस ग्लास कर्नर | ६९,६०८।०० | कुनकुन दलित कार्यक्रमलाई वितरण भएको सोको भरपाई संलग्न नरहेको |
| | | | | जम्मा | २८१,१०८।०० | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ५ | | **कर विजक :** मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखी बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । यस जिल्ला विकास समितिले निम्नानुसार कैफियत देखिएका कर विजकबाट मुल्य अभिवृद्धी कर भुक्तानी दिएको पाइएकोले उक्त मु.अ.कर भुक्तानीका सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर समायोजन विवरण पेश गर्ने अन्यथा सम्वन्धीत निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिएको रु. | ८९,०५३.०१ | | |

| भौ.नं./मिति | वजेट शिर्षक/कार्यक्रम | भुक्तानी पाउने व्यक्ति/फर्म | मु.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|
| १४०-२०७२/३/१६ | जिविस अनुदान | डिजिटल ट्रेडर्स, विराटनगर | ९१६५.०० | विजक तथा कर विजक नं. केरमेट |
| १०-२०७२/३/२ | मर्मत सम्हार कोष | सयपत्री निर्माण सेवा, सुनसरी | ५७३४६.०१ | विजक तथा कर विजक मिति केरमेट |
| २-२०७१/५/३ | लघु उधम कोष | भगवती पेपर वर्क्स, सुनसरी | १९५००.०० | विजक तथा कर विजक नं. केरमेट |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>३६७-०७२।३।१</td><td>कोष चालु</td><td>अरूणगार्ड एण्ड सेक्युरिटी</td><td>३०४२।००</td><td>कर विजक नं. सच्याएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८९०५३।०१</td><td></td></tr>
</table>
कार्यालयले कर विजकबाट मू.अ.करको भुक्तानी दिँदा कर विजक निर्धारित ढाँचामा भए नभएको केरमेट भए नभएको परीक्षण नगरी भुक्तानी दिँदा यस्तो भएको देखिन्छ । जसले गर्दा राज्य कोषमा जानुपर्ने संकलित मूल्य अभिवृद्धि कर छली हुने सम्भावना रहन्छ । तसर्थ नियमावलीले निर्दिष्ट गरेको ढाँचामा प्राप्त भएको विजकबाट मात्र मू.अ.कर भुक्तानी दिने कार्यमा कार्यालय सचेत हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td>नापी किताब : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल वा विजकको भुक्तानी गर्ने व्यवस्था छ । साथै नापी किताब तयार गर्दा म.ले.प.फा.नं. १९२ अनुसारको नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर र आइटमवाइज रजिष्टरको आधारमा मात्र नापी किताब प्रयोग गर्ने व्यवस्था रहेको छ ।<br><br>कार्यालयबाट यस वर्ष सञ्चालित कतिपय योजना एवं निर्माण कार्यको नापी किताब कम्प्यूटरकृत गरी केवल योजनाको फरफारक एवं भुक्तानी गर्ने प्रयोजनका लागी लुज सिटको रुपमामात्र तयार गर्ने गरेको र कतिपय लुज सिटलाई नापी कितावमा टाँसी नापी किताव तयार गर्ने गरेको देखियो । वास्तविक एवं यथार्थपरक मूल्य खुलाउने प्रमाणको रुपमा नापी किताब तयार गर्ने गरेतापनि सो को नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर तथा आइटमवाइज रजिष्टरका आधारमा नापी किताब तयार गर्ने गरेको पाइएन । कार्यालयले कानूनमा भएको व्यवस्थालाई अवलम्बन गर्नुमा उचित ध्यान नपुऱ्याउनु नै यसको कारण रहेको छ । यसरी साइट रजिष्टर र आइटमवाइज रजिष्टरका आधारमा नापजाँचको प्रविष्टी नगर्ने, नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर नराख्ने तथा कम्प्यूटर डाटाको सुरक्षण एवं ब्याकअपसमेतको व्यवस्था नगर्नाले निर्मित संरचना र सम्पत्तिको यथार्थ मूल्यांकन गर्न कठिन हुनुको साथै आवश्यक सम्भार समेत नभई संरचनामा गरेको ठूलो लगानी खेर जान सक्ने सम्भावना रहन्छ । अत, कार्यालयले कुनैपनि कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई आधार मानी म.ले.प.फा.नं. १९२ अनुसार नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने र कम्प्युटरकृत डाटाको सुरक्षण र ब्याकपको समुचित व्यवस्थाको प्रवन्ध गर्नु अत्यन्तै जरुरी देखिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td>जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ । यसैगरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम २१२ (१) अनुसार स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बांधी लगत तयार गरी अद्यावधिक गर्ने व्यवस्था छ ।<br><br>कार्यालयले आर्थिक बर्ष २०७१।७२ को जिन्सी निरीक्षण प्रतिवेदन मिति २०७२।४।१५ मा तयार गरी पेश गरेको छ । जिन्सी निरिक्षणको क्रममा वढी देखिएको सामानहरु माइक १, डाइनिङ्ग टेवल (४ कुर्सी समेत) सेट १, सोफासेट ४ सेट र डिजीटल क्यामरा १ आम्दानी बाध्नुपर्ने जनाइएकोमा उक्त सामाग्रीहरु आम्दानी जनाइएको छैन । उक्त सामान जिन्सी आम्दानी गर्नुपर्दछ । जिन्सी सामानको संरक्षण गर्ने सम्बन्धमा खर्च नहुने जिन्सी खाता म.ले.प.फा.नं. ४७ अद्यावधिक गरी सामानको प्रकृति र प्रकार अनुसार एकमुष्ठ गरी राख्नुपर्नेमा सो अनुसार राखेको पाइएन । ३ वर्ष भन्दा अगाडीको उक्त खाता छुट्टै रहेको र हालसम्म उक्त श्रेस्तामा रहेको सामान नयाँ खातामा बरबुझारथ भएको नदेखिएको हुँदा सामान हराउन सक्ने सम्भावना देखियो । साथै कार्यालयले जिन्सी खाताहरु आ.व.को अन्त्यमा नियमानुसार प्रमाणित समेत गरि राखेको छैन ।<br><br>जिन्सी निरीक्षण प्रतिवेदनमा चालु हालतमा नरहको भनि उल्लेख भएका प्रेसरकुकर १४, फोटोकपी मेशीन २, सिलिङ्ग पंखा १७, साइकल १३ लगायत विभिन्न सामान लिलाम योग्य सामान लिलामी नहुँदा सामानको वर्तमान मूल्यमा ऱ्हास आउने, अनावश्यक रुपमा भण्डारको क्षेत्र ओगट्ने, भण्डार व्यवस्थापन चुस्त तथा दुरुस्त हुन नसक्ने जस्ता प्रभाव परेको देखिन्छ । नियममा उल्लेखित व्यवस्था अनुसार मर्मत हुनसक्ने सामानहरुलाई मर्मत गरी प्रयोगमा ल्याउने तथा लिलाम गर्नुपर्ने भनी औंल्याईएका सामानहरुलाई समयमै लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामग्री हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नुपर्दछ । अन्य व्यहोरा यस प्रकार छन् : | | | |
| ७.१ | | **जिन्सी निरिक्षण एंव भौतिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरिक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेका जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधिद्वारा निरिक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिने व्यवस्था गर्नु पर्दछ । कार्यालयले यो वर्ष जिन्सी निरीक्षण नगरेकाले जिन्सीको वास्ताविक अवस्था एकिन गर्न सकिएन । नियम अनुसार जिन्सी निरीक्षण गर्नु पर्ने कुरामा उचीत ध्यान नदिएका कारण यस्तो अवस्था देखिन आएको हो । नियमानुसार जिन्सी निरीक्षण गर्नु पर्दछ । कार्यालयले लेखापरीक्षणलाई पेश गरेको जिन्सी खाताबाट नमूना छनौटको आधारमा रु. ४०,०००।०० भन्दा बढी | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

मूल्यका विभिन्न १५ सामानहरुको भौतिक परीक्षणवाट देखिएका व्यहोरा यस प्रकार छ :

| सि.नं. | सामानको नाम | जिन्सी खाता अनुसार संख्या | भौतिक परिक्षण अनुसार संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मोटर | ३ | ३ | १ थान मर्मत गरी चालु हुने |
| २ | डेक्सटप कम्प्युटर | १२ | ११ | १ संस्थालाई हस्तान्तरण |
| ३ | ल्यापटप | १९ | १० | ६ गाविस, १ अपाङ्ग समिति, २ सरूवा हुनेले फिर्ता नगरेको |
| ४ | फोटोकपी मेशीन | २ | २ | २ थान मर्मत नहुने |
| ५ | सोलार सेट | ३ | ३ | २ अफिस, १ प्राविधिक कार्यालय |
| ६ | जेनेरेटर | १ | १ | चालु |
| ७ | घुम्ने कुर्सी | ३१ | २१ | १० हस्तान्तरण |
| ८ | मोटरसाइकल | १३ | १३ | चालु |
| ९ | स्टील दराज | २० | ८ | ९ गरीवसँग विश्वेश्वर ३ संस्थालाई हस्तान्तरण |
| १० | प्रिन्टर | २० | १९ | १ संस्थालाई हस्तान्तरण |
| ११ | सोफासेट | १४ | १८ | ४ सेट बढी आम्दानी गर्नुपर्ने |
| १२ | क्यामरा | ९ | ९ | चालु |
| १३ | सि.सि.क्यामरा | १ | १ | चालु |
| १४ | मोवाइल | ९ | ९ | चालु |
| १५ | ए.सि. | १ | १ | चालु |

**सामान फिर्ता नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार आ.व. २०६९।७० मा मलेप कार्यालयबाट जिन्सी सम्बन्धमा दफा नं. ३२.१ (ङ) मा औल्याएको व्यहोरा हालसम्म पनि यथावत रहेको देखियो । कार्यालयबाट ल्यापटप, बुझिलगेका २ कर्मचारी (रघुनाथ मैनाली रु. ७३,४५०। को र रविन्द्र वस्तीले रु. ५७,५२२। को) सरुवा भैसकेको अवस्थामा समेत उक्त सामान फिर्ता दाखिला भएको नपाइएकोले अविलम्ब कारवाही गरी सरकारी सम्पत्तिको संरक्षण गर्नु गराउनुपर्ने देखियो । साथै मोवाइल जस्तो व्यक्तिगत प्रयोग हुने सामान कार्यालय प्रमुख लगायत अति आवश्यक कर्मचारीलाई मात्र उपलव्ध गराई खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८

**सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ (त) मा जिम्मा लिएको कामको निर्धारित समयमा कार्य सम्पन्न नभएमा उपभोक्ता समूहको निर्णय सहित थप म्याद माग गर्ने व्यवस्था छ । नियम १५६ (प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ ।

उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नाँपजाँच गरेको मिति तथा कार्य

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको योजनाको सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिए तापनि उपस्थित न्यून संख्यामा रहेकोले औपचारिकता मात्र पुरा गरेको देखिन्छ । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ भनी विश्वस्त हुन सकिएन । प्राविधिक नापजाँच भएकोमा मिति स्पष्ट उल्लेख गरी उपभोक्ता समितिवाट भएको कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गर्ने गराउने तर्फ सम्वन्धित सवैको ध्यान पुग्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td></td><td>स्थलगत निरीक्षण : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को २०० बमोजिम स्वीकृत योजना सम्बन्धित निकायले कार्यतालिका बनाई कार्यान्वयन गर्नुका साथै सम्पन्न योजना सुचारुरुपले सञ्चालन गर्न उचित रेखदेख र सम्भार समेत गर्नुपर्ने व्यवस्था स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४८ (६) ग ले गरेको छ । सो अनुरुप भए नभएको सम्बन्धमा लेखापरीक्षण टोली र कार्यालयका प्रतिनिधिसाथ मिति २०७२।१०।१६ मा जिल्ला विकास समितिको कार्यालय सुनसरीले सम्पन्न गरेका निम्न कार्यक्रमहरुको लेखापरीक्षणका क्रममा स्थलगत अवलोकन गरियो ।
<table>
<tr><th>सि.नं.</th><th>आयोजनाको नाम</th><th>लागत अनुमान</th><th>हालसम्मको खर्च</th></tr>
<tr><td>१</td><td>मुढा खोला पुल निर्माण</td><td>१९,४४,२२७।००</td><td>१०,१४,३८६।००</td></tr>
<tr><td>२</td><td>सुन्दरमार्ग कालोपत्रे</td><td>५,५७,२२३।००</td><td>५,५६,८७८।००</td></tr>
<tr><td>३</td><td>कवडहल निर्माण, भा.सि.</td><td>८,४०,८५०।००</td><td>८,४०,८५०।००</td></tr>
<tr><td>४</td><td>खार्साला खोला कल्भर्ट निर्माण</td><td>८,६७,९९४।००</td><td>८,८८,३९३।००</td></tr>
<tr><td>५</td><td>हाँसपोसा बाटो कालोपत्रे</td><td>५,६०,८५४.००</td><td>५६०,५६१।००</td></tr>
</table>
कार्यालयले सम्पन्न गरेका उक्त योजनाहरु सम्झौता अनुसार कार्य सम्पन्न गरेको ठिकै देखिन्छ । उक्त आयोजना यथासक्य हस्तान्तरण गरी आयोजनाको मर्मत संभार समेतको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति र समुदायलाई दिनका लागि आगामी दिनमा यथेष्ट ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । अन्य आयोजना वा कार्यक्रम तराई आन्दोलनको कारण निरीक्षण गर्न नसकिएकोले कार्य सम्पन्न अवस्थाको वारेमा मूल्यांकन गर्न सकिएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>आन्तरिक आय तर्फ</u> :</td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td></td><td>आय प्रक्षेपण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ (क) मा कार्यालयले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आयश्रोतको उपलव्धता संभावित परिचालन, व्यवस्थापन तथा लागत र चालू वर्षको ठेक्का समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अंक र असूली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

कार्यालयले राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक आयको न्यूनतम अंक निर्धारण गरेको भए पनि राजस्व परामर्श समितिले आय प्राप्त हुने श्रोतको संभावित परिमाण र त्यसको लागि लाग्ने लागत समेत विचार गरी न्यूनतम अंक प्रक्षेपण गर्नु पर्नेमा त्यसो नगरी कतिपय श्रोतमा देहायको तालिकाअनुसार गतवर्षको असुली अंकभन्दा पनि कम अंकलाई न्यूनतम अंक सिफारिस गरेको पाइयो । जसका केही उदाहरण देहाय अनुसार छन् : (रु. हजारमा)

| सि.नं. | श्रोत | आ.ब.२०७१।०७२ को प्रक्षेपण | आ.ब.२०७१।०७२ को असुली | प्रक्षेपणको तुलनामा घटी/बढी रकम |
|---|---|---|---|---|
| १. | ढुंगा गिटी बालुवा विक्री तथा निकासी कर | २,३०,०० | १,२५,२२ | -१,०४,७८ |
| २. | कृषि तथा पशुजन्य निकाशी कर | १,२९,०० | ६१,७६ | -६७२४ |
| ३. | ठेक्का बक्यौता असुली | ५०,०० | - | -५००० |
| ४. | रजिष्टेशन दस्तुर | १,८०,०० | २,५०,२९ | ७०२९ |
| ५. | गाविस मालपोत दस्तुर | २०,०० | १४७१ | -५२९ |
| ६. | **विविध आय** | ४७,६५ | ३१७६ | -१५९८ |
| | जम्मा | **५,५६,६५** | **४,८३,६५** | **-७३,००** |

कार्यालयले श्रोत नक्सांकन गरी आय प्रक्षेपण गर्ने प्रणालीको विकास नगरेको कारण र निकाशी करको ठेक्का लाग्न नसकेको कारणबाट आय प्रक्षेपणको तुलनामा असूली अवस्था कमजोर रहेको देखिन्छ । जसले गर्दा आय व्यवस्थापन तथ्यगत हुन नसकी आम्दानी घट्ने हून्छ । तसर्थ, कार्यालयले एकमुष्ठ रुपमा श्रोत नक्शांकन गरी आय प्रक्षेपण गर्ने पद्धतीको विकास सहित आय व्यवस्थापनलाई व्यस्थित गर्नुपर्दछ ।

११

**परिमाण नियन्त्रण व्यवस्था** : जिल्ला विकास समिति, सुनसरीले जिल्लास्थित विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालुवाको कर संकलन गर्न विभिन्न स्थान र खानीबाट विभिन्न मितिमा यस आर्थिक वर्षभरिमा कर वापत रु २,७७,७१,२०९।९६ असुल गरेको पाइयो । ठेकेदारले संकलन गर्ने, ठेकेदारले आय संकलन गर्दा दिइने भरपाई रसिद जिल्ला विकास समितिबाट प्रमाणित गराई प्रयोग प्रयोग गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा विभिन्न क्षेत्रबाट उठाउन पाउने ढुंगा, गिट्टी, बालुवाको परिमाणको हद तोकेको भए तापनि त्यसलाई नियन्त्रण गर्ने विधिको प्रयोग भएको पाइएन ।

उल्लेखित सामान ठेक्का अवधिमा जिल्लाबाट दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि नअपनाइएको र ठेकेदारले जिविसलाई बुझाउनु पर्ने कर रकमलाई ढुंगा, गिट्टी, बालुवाको उत्खनन् हुने परिमाणसंग आवद्ध नगरेको कारणले कार्यालयले कायम गरेको न्यूनतम अंक र ठेकेदारले कबुल गरेको अंकलाई पुष्टी गर्ने आधार देखिदैन । उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने अभिलेख जिल्ला विकास समितिले राख्ने नगरेको एवं ठेकेदारले

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जिविसबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता गर्ने समेत नगरेको हूंदा वर्षभरिमा उठाएको ढुंगा, बालुवा, गिट्टीको जम्मा परिमाण र सो वापत ठेकेदारले असूल गरेको कर रकम यकिन हुन सकेन ।<br>यसबाट संझौतामा तोकिएको दरमा मात्र ठेकेदारले शुल्क उठाएको सम्वन्धमा विस्वस्त हुन सकिएन । यसप्रकारको ठेक्का बन्दोबस्तले अनियन्त्रितरुपमा प्राकृतिक श्रोत साधनको दोहन हुने तर ती श्रोत साधनको दोहनबाट जिविसले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी यकिन हुँदैन ।<br>व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समितिको अध्ययन प्रतिवेदन २०६६ ले पनि कुनै पनि क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा मात्र घाटगद्दी गर्ने, सम्वन्धित निकायले नापजांच नगरी ती बस्तुहरु लैजान नपाउने व्यवस्था गर्ने, ती सामानहरुको बजार मूल्य भन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेकोले बजार मूल्य अनुसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउादा निश्चित परिमाण क्षेत्र तोकी सो को कडा अनुगमन गर्ने लगायतका निर्देशनहरु दिएको सन्दर्भमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोबस्त गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | | | |
| १२ | | **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ (ग) वमोजिम गा.वि.स. र न.पा.ले आम्दानी गरेको मालपोत रकमको २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने व्यवस्था रहेको छ। सो व्यवस्था वमोजिम आ.व. २०७१।७२ मा जिल्ला विकास समिति अर्न्तगतका ४९ गाविसले मालपोत बापत उठाएको रकमबाट जिल्ला विकास समितिले रु १४,७१,२२९. आम्दानी गरेको छ। कार्यालयले गाउँ विकास समितिहरुबाट प्राप्त गर्नुपर्ने रकमका सम्बन्धमा गाविसहरुले पठाएको रकमलाई नै आधिकारीक मान्ने अवस्था रहेकोले यस्तो अवस्थामा सुधार गर्न आन्तरीक लेखापरीक्षण हुँदा नै गा.वि.स.को आम्दानी यकिन गर्ने र यथार्थ राजस्व रकम असुल गर्नेतर्फ क्रियाशिल हुनुपर्ने देखिएको छ। | | | |
| १३ | | **बक्यौता असुली :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७२ मा स्थानीय निकायले विभिन्न कारणबाट असूल हुन नसकी बांकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नुपर्ने, रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिनसक्ने र सो प्रक्रियाबाट पनि असूल हुन नसकेमा सरकारी बांकी सरह रकम असूल गर्नुपर्ने व्यवस्था छ ।<br>लेखापरिक्षण टोलीलाई प्राप्त भएको बक्यौता असूली विवरण अनूसार गत विगत आर्थिक वर्ष देखि विभिन्न ठेकेदारबाट असूल गर्न बांकी रकम निम्नानूसार रहेको छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| सि.नं. | ठेकेदार/फर्मको नाम | शिर्षक | वाँकी रकम |
|---|---|---|---|
| १ | ब्रदर कन्स्ट्रक्सन इटहरी ४ | ढुङ्गा, गिट्टी, वालुवा र वनकस, जडीवुटी जि.निकाशी | ४,५४७,२४७।४७ |
| २ | सन्तोष कार्की इटहरी ५ | ढुङ्गा, गिट्टी, वालुवा खोला विक्री कर | ८,५००,०००।०० |
| ३ | दिवा निर्माण सेवा, ललितपुर १५ | पशु चौपाया, कृषिजन्य र वनकस जि.निकाशी | ६,२६५,६३८।४५ |
| ४ | सौदान कन्स्ट्रक्सन प्रा.लि.हाँसपोसा | ढुङ्गा, गिट्टी, वालुवा खोला विक्री कर | ४,४२८,५०३।०० |
| ५ | धनराज दाहाल, मैनामैनी ९ उदयपुर | कोशी चतरा तारघाट | ४२९,९५०।०० |
| ६ | बुद्धकुमार श्रेष्ठ, बराहक्षेत्र १ | कोशी चतरा तारघाट | ७७,९५७।०० |
| ७ | लालोकुमार कामत, हरिपुर ७ | माछा ठेक्का | ६५,६६६।०० |
| ८ | भागत कुमार मण्डल सप्तरी, भारदह ६ | कृषिजन्य र बनकस जि.निकाशी | ४,०७५,४४५।०० |
| ९ | नजामुद्दिन रैन, दुहवी १ | पशु चौपाया जिल्ला निकाशी | २,०८२,९८३।०० |
| १० | विरेन्द्र माझी (अशोक एग्रोभेट भारदह ५ सप्तरी | ढुङ्गा, गिट्टी, वालुवा र कृषिजन्य सामान जि.निकाशी | ४१८,५५०।०० |
| ११ | टि.एन.कन्स्ट्रक्सन, इनरूवा ६ सुनसरी | पशु चौपाया, वनकस र पटके सवारी | १,४६२,४३२।०० |
| १२ | शिवकुमार पोखरेल, इटहरी ८ सुनसरी | ढुङ्गा, गिट्टी खोला विक्री | ४७८,२४६।१६ |
| १३ | जिवनकुमार न्यौपाने, इटहरी ५ | ढुङ्गा, गिट्टी खोला विक्री | ६१३,९७८।४८ |
| १४ | मुन्ना हलवाई दुहवी १ | हाड, सिंग, खुर जि.निकाशी | ६६,५८३।५४ |
| १५ | सोमराज बस्नेत, बराहक्षेत्र ४ | पटके सवारी कर | ७०,२५०।०० |
| १६ | मिश्रीलाल यादव इनरूवा ६ | जग्गा ठेक्का | ७६,४५१।०१ |
| | **जम्मा** | | **३३,६५९,८८१।११** |

अन्य वक्यौताका सम्बन्धमा कार्यालयले वक्यौता असुलीलाई प्राथमिकतामा नराखेको कारण यस्तो हुन गएको देखिन्छ । तसर्थ, बक्यौता असुली सम्बन्धी कार्यलाई कार्ययोजना सहित थप प्रभावकारी बनाई असुली प्रक्रिया अगाडी बढाउनुपर्ने अन्यथा सरकारी बांकी सरह रकम असुलउपर गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १४ | | **वातावरणीय परीक्षण** : प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदन २०७१ अनुसार आ.व. २०७१/७२ मा नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा झिक्न पाउने गरी नदी अनुसार स्वीकृत भएको परिमाण भित्र नै सामान झिकेको पाइयो । | | | |
| १५ | | **मूल्य अभिवृद्धि कर दाखिला नभएको** :- आयकर ऐन २०५८ को दफा ८८ तथा मूल्य | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>अभिवृद्धि कर ऐन २०५२ को दफा १५ अनुसार असुल गर्नुपर्ने मू.अ.कर असुल भएको नदेखिएकोले नियमानुसार सम्बन्धित आपूर्तकले मू.क.कर राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा निम्नानुसारका आपूर्तकबाट निमानुसार लाग्ने मू.अ.कर असुल गर्नुपर्ने रू.
<table>
<tr><th>सि.नं.</th><th>आपूर्तकको नाम</th><th>ठेक्का विवरण</th><th>स्वीकृत ठेक्का</th><th>१३% मू.अ.कर</th></tr>
<tr><td>१</td><td>जयश्री पाथिभरा ट्रेड एण्ड सप्लायर्स</td><td>कृषिजन्य र जडीवुटी</td><td>८,९०,३२२।५८</td><td>११५,७४१।९४</td></tr>
<tr><td>२</td><td>इशा निर्माण सेवा धरान</td><td>,, ,,</td><td>६१३३,३३४।००</td><td>७९७,३३३।४२</td></tr>
<tr><td>३</td><td>जयश्री पाथिभरा ट्रेड एण्ड सप्लायर्स</td><td>ढुङ्गा, गिट्टी विक्री</td><td>१०३५०,०००।००</td><td>१३४५,५००।००</td></tr>
<tr><td>४</td><td>सार्थक निर्माण सेवा</td><td>पटके सवारी कर</td><td>९४५,१००।००</td><td>१२२,८६३।००</td></tr>
<tr><td>५</td><td>सार्थक निर्माण सेवा</td><td>कोशी चतरा तारघाट</td><td>२०९,३१८।१८</td><td>२७,२११।३६</td></tr>
<tr><td>६</td><td>गणेश काष्ठ उद्योग</td><td>दहत्तर बहत्तर</td><td>३०९४,७४३।९७</td><td>४०२,३१६।७२</td></tr>
<tr><td>७</td><td>रेम्वो हाउजीङ्ग कम्पनी</td><td>पशु चौपाया निकाशी</td><td>१६५७,५९९।८८</td><td>२१५,४८७।९८</td></tr>
<tr><td></td><td></td><td></td><td>२,३२,८०,४१८।६१</td><td>३,०२६,४५४।४२</td></tr>
</table>
मूल्यअभिवृद्धि कर उठाउने तर्फ कार्यालयले ध्यान नदिएका कारण कर असुल नभएको देखिन्छ । यस तर्फ अविलम्व कमद चाली असुल एवं दाखिला गर्नु गराउनु पर्दछ ।</td><td>३०,२६,४५४।४२</td><td></td><td></td></tr>
<tr><td>१६</td><td></td><td>धरौटी जफत :- माछा ठे. न्यू बजरङ्गवली निर्माण सेवाले माछा मारेवापत कर रू. १,३१,९८७- दाखिला गर्ने गरी रू. ६६००।- धरौटी सहित बोलपत्र पेश गरे पश्चात सम्झौता गर्न नआएको कारण धरौटी जफत गर्नुपर्नेमा नगरेको गर्नुपर्ने रू.</td><td>६,६००।-</td><td></td><td></td></tr>
<tr><td>१७</td><td></td><td>आय ठेक्काको किस्ता दाखिला नभएको :- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७० बमोजिम आन्तरिक आय ठेक्का रकम ३ किस्ता गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ठेक्का स्वीकृत भएका निम्नानुसार ठेक्को रकम आषाढ मसान्तसम्म पुरै दाखिला गरिसक्नु पर्नेमा निम्नानुसार रू. १९,९२,१४४।४६ वाँकी रहेको छ । उक्त रकम जति ढिला दाखिला हुन्छ उक्त अवधिको वार्षिक १० प्रतिशत व्याज समेत हिसाव गरी असुल गर्नु पर्दछ । आषाढ मसान्तसम्म दाखिला गर्न वाँकी रहेको असुल गर्नुपर्ने रू.
<table>
<tr><th>पार्टीको नाम</th><th>वापत</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>दाखिला वाँकी</th></tr>
<tr><td>१. इशा निर्माण सेवा धरान</td><td>कृषिजन्य जि.नि.कर</td><td>६१,३३,३३४।-</td><td>५३,७३,३३४।-</td><td>७,६०,०००।-</td></tr>
<tr><td>२. जयश्री पाथिभरा ट्रेड एण्ड सप्लायर्स इटहरी (२ महिने)</td><td>,, ,,</td><td>८,९०,३२२।५८</td><td>६,६५,७७८।-</td><td>२,२४,५४४।५८</td></tr>
<tr><td>३. रेम्वो हाउजिङ्ग कम्पनी इटहरी</td><td>पशु चौपाया, हाड, सिंग, खुर निकाशी</td><td>१६,५७,५९९।८८</td><td>६,५०,४४८।-</td><td>१०,०७,५९९।८८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१९,९२,१४४।४६</td></tr>
</table></td><td>१९,९२,१४४।४६</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १८ | | <u>दहत्तर बहत्तर ठेक्का</u> :- कार्यालयले आ.व. २०७१/७२ को लागि दहत्तर बहत्तरमा आउने विभिन्न काठको लागि दररेट उल्लेख गरेर बोलपत्र गरेको, वोलपत्रमा ठेकेदारलाई उक्त आइटमको दर उल्लेख गर्न नभनि रकम उल्लेख गर्न भनेको, आइटमवाइज दरलाई ख्याल गरी ठेक्का स्वीकृत गर्नुपर्नेमा कवोल गरेको दररेटको जोडजम्मा रकम बढी हुनेको बोलपत्र स्वीकृत गरेको देखियो । आम्दानी दाखिला गर्दा दहत्तर बहत्तरमा जे सामान घाटगद्दी गरियो सो सामानको कवोल रकम (कवोल दर) ले गुणागरी हुने रकम असुल एवं दाखिला हुने गरेको देखियो ।<br>वोलपत्र स्वीकृत गर्दा सवै आइटममा कसको बढी दर (रकम) उल्लेख गरेको छ त्यसलाई ध्यान दिई स्वीकृत गर्नुपर्नेमा सवै आइटमको जोड जम्मा बढी भएको बोलपत्र दाताको बोल अंक स्वीकृत गरेको छ । बोलपत्रको सूचना तथा बोलपत्र डकुमेन्टमा संकलित सामान जिल्ला वन कार्यालयको रोहवरमा जचाई कवोल दरले गुणी हुने आय दाखिला गर्नुपर्ने प्रावधान स्पष्ट उल्लेख गरेको समेत देखिंदैन । यस्तो अवस्थामा बोलपत्र दाताले न्यूनतम दर उल्लेख गर्ने आइटम मात्र संकलन गरी फाइदा उठाउन सक्ने अवस्था विद्यमान रहेको देखिन्छ । अतः यसरी ठेक्का गर्ने प्रक्रियाको अन्त गरी ठेक्का प्रक्रियामा सुधार गर्नु पर्दछ ।<br>यो वर्ष दहत्तर बहत्तरको लागि बोलपत्र गरेकोमा उपयुक्त ३ बोलपत्र दातामध्ये दरको जोड अंक बढी हुने बोलपत्रदाता गणेश काष्ठ उद्योग औरावनीले कवोल गरेको अंक रू. ३०,९४,७४३।९७ मिति २०७१।३।१२ मा स्वीकृत गरी कार्यादेश दिएकोमा ठेकेदारले संकलन भएको काठ वन कार्यालयलाई जाँच गराई बोलपत्रमा उल्लेखित दरले गुणी हुने रकम भनि जम्मा रू. १,५६,२१७।५० मात्र दाखिला गरेको छ । बोलपत्र स्वीकृत गर्दा आइटम दरलाई ख्याल नगरी कुल दरको रकमलाई ध्यान दिने र रकम दाखिला गर्दा स्वीकृत रकम दाखिला नगरी कलेक्सन भएको सामानको दरले मात्र रकम दाखिला गरेवाट घटी दाखिला गरेको रू. २९,३८,५२६।४७ नियमानुसार आवश्यक कार्वाही गरी असुल गर्नुपर्ने रू. | २९,३८,५२६।४७ | | |
| १९ | | **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु २,७७,७१,२०९।९६ को २५ प्रतिशत रु. ६९,४२,८०२।४९ सम्म मात्र खर्च गर्न सक्नेमा रु. २,१६,८३,८४२।३६ खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. १,४७,४१,०३९।८७ बढी खर्च भएको छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले प्रशासनिक खर्चमा मितव्ययिता नअपनाएको कारण प्रशासनिक खर्चमा नियमले तोकेभन्दा बढी हुन गएको देखिन्छ । नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर देखिन जाने र विकास कार्यमा श्रोतको कमी हुन जाने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले नियममा तोकेभन्दा बढी खर्च गरेको रु. १,४७,४१,०३९।८७ नियम सम्मत भएको नदेखिएको रु. | १,४७,४१,०३९।८७ | | |
| २० | | <u>पुंजिगतबाट चालु प्रकृतिको तथा आर्थिक सहयोगको रुपमा खर्च :</u> स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १० मा लक्षित समूह विकाश कार्यक्रम अर्न्तगत कार्यविधिको दफा ८ को खण्ड (ख) बमोजिम छुट्टाइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने सहभागितामुलक योजना तर्जुमा प्रकृया अन्तरगत छनौट भई आएका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्ने र कार्यविधिको दफा १३ मा स्थानीय निकायको कोषको पूजीगत बजेटबाट कुनै पनि प्रकारको तलब भत्ता पारिश्रमिक बैठक भत्ता कार्यालय संचालन सम्बन्धी खर्च जस्ता चालु प्रकृतिको खर्च गर्न नपाइने भनि निषेध गरिएको छ । कार्यालयले यस वर्ष जिविस कोष पुंजिगत बजेटबाट सहभागितामुलक योजना तर्जुमा प्रक्रियाबाट छनौट नभएका आर्थिक सहायता प्रकृतिका निम्नानुसारका कार्यक्रमका लागि भुक्तानी दिएको देखियो । कार्यविधि अनुसार पूंजीगत शिर्षकवाट पूंजीगत प्रकृतिको परिषद्बाट स्वीकृत योजनामा मात्र खर्च लेख्नु पर्दछ । आर्थिक सहायता कार्यक्रम संचालनमा सहयोग भनी गरेको आधारमा संस्थाहरुलाई भुक्तानी दिएको छ । ती कार्यक्रममा चिया खाजा खाना तथा कार्यालय संचालन सम्बन्धी खर्चका विल भरपाई समेत संलग्न गरेको देखिन्छ । कार्यविधिको व्यवस्थाको पालना नभएको कारण यसरी खर्च हुन गएको देखिन्छ । कार्यविधिले निषेध गरेका विषयमा खर्च गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाद्वारा छनौट भएका योजना कार्यान्वयनमा बजेट अभाव भई लक्षित उद्देश्य प्राप्तीमा असर पर्नुका साथै नियमावलीको उलंघन हुन जान्छ । तसर्थ कार्यविधि अनुसार सहभागितामुलक पद्दतीबाट छनौट नभई पटके रुपमा मांग गरेको निवेदनको आधारमा छनौट गरी आर्थिक सहायताको रुपमा भुक्तानी दिएको नियमित नदेखिएको | २८५,१३८.०० | | |

| गो.भौ. नं.र मिति | शिर्षक | पाउने संस्थारव्यक्ति | खर्च विवरण | रकम |
|---|---|---|---|---|
| २५३/२०७२.३.१५ | कोष पूजीगत | नेपाल आदवासी जनजाती विद्यार्थी माहासघ | | ६००००.०० |
| १६/२०७१.५.५ | कोष पूजीगत | चिया नास्ता वापत | विविध खर्च | ३५५३३.०० |
| १५/२०७१.५.५ | कोष पूजीगत | धरान फूटवल संघ | विधालयस्तरीय फूटवल | ३५०००.०० |
| ५/२०७१.५.३ | कोष पूजीगत | देव ईन्टरप्राईजेज | मेशीनरी औजार खरिद | ६८००.०० |
| ११८-०७२।१।२२ | ,, ,, | विभिन्न ४ व्यक्ति | औषधी उपचार वापत | १०,०००।०० |
| ३७७-०७२।३।३० | ,, ,, | संगीत साधना प्रतिष्ठान इटहरी | विविध कार्यक्रम | १५,०००।०० |
| ३८/२०७१.६.६ | कोष पूजीगत | फोटोकपी वापत | देउराली फोटो स्टूडियो | २०३०५.०० |
| ५४/२०७१.९.२१ | कोष पूजीगत | खेलकुद कार्यक्रम वापत | सुनसरी जिल्ला एथलेटिक्स | १५०००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>संघ</td><td></td></tr>
<tr><td>५७/२०७२.१०.१९</td><td>कोष पूजीगत</td><td>खेलकुद कार्यक्रम वापत</td><td>सुनसरी जिल्ला फूटवल संघ</td><td>५००००.००</td></tr>
<tr><td>६०/२०७१.१०.२०</td><td>कोष पूजीगत</td><td>खेलकुद प्रतियोगिता वापत</td><td>धरान तेक्वान्दो डोजाङ धरान</td><td>२००००.००</td></tr>
<tr><td>६६/२०७१.११.१४</td><td>कोष पूजीगत</td><td>खेलकुद कार्यक्रम वापत</td><td>डुम्राहा युवा भलिवल समाज</td><td>१५०००.००</td></tr>
<tr><td>१३६-०७२।२।१</td><td>,, ,,</td><td>लोकतन्त्र नेपाल मासिक</td><td>विज्ञपन खच)</td><td>२५००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२८५,१३८.००</td></tr>
</table>
कार्यालयले कार्यविधिको परिपालनामा ध्यान नदिई तोकिएको खर्च सीमा नाघ्न नदिने उद्देश्यले फरक शिर्षकमा खर्च लेखांकन गरेको देखिन्छ । यसबाट पूंजीगत खर्चका लागि रकम न्यून हुनुका साथै चालू प्रकृतिका खर्चमा हुने तथा आर्थिक अनियमितता हुने सम्भावना रहन्छ । तसर्थ पूंजीगत खर्च शिर्षकबाट खर्च गर्न निषेध गरिएका क्षेत्र एवं विषयमा खर्च गर्ने पद्दतीको अन्त्य हुनुपर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td></td><td>कर्मचारी कल्याण कोष- स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयलाई आवश्यक पर्ने एकमहिनाको तलव रु. ५१५०८२।०० रहेतापनी कल्याणकारी कोषमा यो वर्ष रु. १२ लाख जम्मा गरेको देखियो । यसो हुनु ऐन नियमका व्यवस्थालाई आफु अनुकुल व्याख्या हुनु यसको कारण हो । जसका कारण आन्तरिक आयको अनुपातमा निश्चित सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्ने कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी प्रशासनिक खर्च वढ्न गएको छ । यसर्थ, प्रशासनिक खर्चलाई सिमाभित्र राख्न नियममा व्यवस्था भएवमोजिम कल्याणकारी कोषमा रकम जम्मा हुनु पर्दछ। अतः नियममा व्यवस्था भएको सिमा भन्दा वढि कल्याणकारी कोषमा जम्मा गरेको नियमानुसार नदेखिएको रु.</td><td>६,८४,९१८।००</td><td></td><td></td></tr>
<tr><td>२२</td><td></td><td>योजना हस्तान्तरण – स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई अनुसूची १६ बमोजिम हस्तान्तरण गरी दीगो संचालन हुने व्यबस्था मिलाउनु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष संचालित सम्पन्न ३८६ योजनामध्ये ३६९ योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सम्पन्न भएतापनि २०६ आयोजना हस्तान्तरण गरी वाँकी १६३ योजनाहरु हस्तान्तरण गरेको देखिएन ।<br><br>कार्यालयले योजनामा कम रकम विनियोजन गरेको तथा सम्पन्न योजनालाई हस्तान्तरण गर्ने</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पद्दतिको विकास नगरेको कारण कार्य सम्पन्न प्रतिवेदनलाई नै उपलब्धिको रुपमा लिंदा योजना हस्तान्तरण हुन नसकेको हो । सम्पन्न योजना हस्तान्तरण नगर्दा सम्बन्धित उपभोक्ता समिति एवं गै.स.स.लाई उक्त योजना प्रतिको अपनत्व बोध हुन नसकि आयोजनाको दीगोपना अनिश्चित हुने वातावरण सिर्जना हुन्छ । कार्यालयले सम्पन्न योजनाहरु यथासक्य हस्तान्तरण गरी आयोजनाको मर्मत संभार समेतको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति र समुदायलाई दिनका लागि आगामी दिनमा यथेष्ट ध्यान पुर्‍याउनुपर्ने देखिन्छ । | | | |
| २३ | | **कन्टिन्जेन्सी** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ (१) मा जिल्ला विकास समितिको आफनो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुर्‍याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट अनुसूची ९ मा उल्लेख भए वमोजिम 'क' 'ख' र 'ग' वर्गका जिल्लामा क्रमश ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने र खर्च गर्दा कूल पूँजीगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाइने व्यवस्था छ ।<br>कार्यालयले कार्यविधिको व्यवस्था अनुरुप आयोजनागत कन्टेन्जेन्सी खाता नराखी यस आ.व.को शीर्षकगत कन्टेन्जी खर्चको विवरण रजिष्टरमा राखेको छ । कार्यविधिको पालना नगरी खर्च गर्ने तथा विनियोजित वजेटलाई मात्र आधार मान्ने तर कार्यक्रममा हुने यथार्थ खर्चको अनुमान नगरी खर्च गर्ने, वजेट फ्रिज हुने अवस्थामा पनि कन्टिजेन्सी खर्च गरिहाल्न सहज वातावरण तयार हुने परिस्थितिका लागि कन्टिजेन्सी खाता (अनुसूची १०) प्रचलनमा नआएको देखिन्छ । जसबाट कार्यविधिको दफा १४ (२) अनुसार सम्वन्धीत योजनाको अनुगमन, मूल्यांकन, रेखदेखको लागि कन्टिजेन्सी खर्च नहुने, पूँजिगत लगानीको समष्टिगत रकम भन्दा वढी खर्च हुने, वजेट फ्रिज नगराउन वढी खर्च हुने, वास्तविक योजनाको लागि भन्दा अन्य प्रयोजनको लागि खर्च हुने, कार्यविधिले तोकेका अनुसूची अनुसारको ढांचामा खर्च विवरण नराख्नाले वास्तविक कति खर्च हुन गयो सो को अभिलेख नदेखिने जस्ता प्रभाव रहन्छ ।<br>तसर्थ, कार्यविधिले तोकेको विधि र प्रक्रियाबमोजिम कन्टेन्जेन्सी खाता राखी खर्च सम्बन्धि कार्ययोजना परिषदबाट परित गराई तोकिएका क्रियाकलापमा मात्र खर्च गर्ने परिपाटीको विकास कार्यालयले गर्नुपर्ने देखिन्छ । | | | |
| २४ | | **बढी कन्टीन्जेन्सी खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ (१) मा तराई जिल्लामा ५ प्रतिशत कन्टेन्जेन्सी खर्च गर्न पाउने उल्लेख छ । यो वर्ष कार्यालयले कोष तर्फ मर्मत सम्हार कोषबाट रु. २१८३२८३।१७ खर्च गरे अनुशार रु ६५४९८।५० कन्टेन्जेन्सी खर्च गर्न पाउनेमा रु. ७१०००।०० खर्च गरेको देखियो । बढि खर्च गरेको रु.५५०१।५० को सम्बन्धमा भुल भएको जनाएको छ । कन्टेन्जेन्सीको हिसाव अद्यावधिक नराख्नाले बढि खर्च भई थप व्ययभार परेको देखिन्छ । नियम भन्दा बढी खर्च गरेको असुल उपर गर्नुपर्ने रु. | ५५०१।५० | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २५ | | **वितरणमुखी कार्यक्रम** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १०(७) मा लक्षित कार्यक्रम र १२(२) मा प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत लाभग्राही समूहको मागको आधारमा पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवं खर्च गर्न सकिने र कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ ।<br>कार्यालयले जिविस अनुदान तथा जिविस कोषअन्तर्गत वाखा वितरण, बंगुर वितरण, हेण्ड पम्प वितरण, खेलकुद सामाग्री वितरण, शैक्षिक सामाग्री वितरण, कर्कट पाता वितरण जस्ता विभिन्न कार्यक्रममा ४६,२५,०००।०० खर्च गरेको छ । कर्मचारीले पेश्की लिई कार्यक्रम सञ्चालन गर्न, कार्यालयले सोझै खरीद गरी वितरण गर्न तथा कार्यविधिले निर्दिष्ट गरेभन्दा बाहिर गई कार्यक्रम सञ्चालन हुनु नै यसको कारण हो । यसबाट लक्षित लाभग्राही समुदायको गुणस्तरीय रुपमा क्षमता विकास हुन सक्दैन । अत : विद्यमान ऐन, नियम र कार्यविधिको पालना नगरी वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । | | | |
| २६ | | **अनुगमन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० (१) जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जूमा गर्दा अनुमान गरिएका श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको आयोजनाको कार्यान्वयनको तालिका अनुसार भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गर्न तथा आयोजनाको कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चनहरु समाधानको लागि आवश्यक निर्देशन दिन सांसदको अध्यक्षतामा एक सुपरिवेक्षण तथा अनुगमन समितिको गठन हुने तथा सो समितिले कार्य तालिका र लक्ष्य अनुसार कार्य नभएकोमा सम्बन्धित पक्षलाई सचेत गराउन सक्ने व्यवस्था छ । साथै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं. ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धित थप व्यवस्था गरेको छ ।<br>कार्यालयले योजना अनुगमन गरेको भनि विभिन्न ७ वजेट उपशिर्षकबाट विभिन्न कर्मचारीलाई अनुगमन भत्ता बापत यस आ.व.मा लेखाबाट प्राप्त विवरण अनुसार रु ४ लाख भन्दा बढी रकम खर्च गरेको पाइएतापनि यस वर्ष सञ्चालित सबै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरेको पर्याप्त आधार र पुष्ट्याई पेश गरेको छैन । पेश भएको प्रतिवेदनमा पनि १२ बटा प्रश्न बनाई टिक लगाउने र श्रोत उल्लेख गर्ने, फोटो राख्ने वाहेक अन्य सुझावका व्यवहोरा उल्लेख गर्ने गरेको देखिएन । जसबाट अनुगमन औपचारिक जस्तो मात्र देखिन्छ । साथै, केही क्षेत्र र योजनामा भएका सिमित योजनाको अनुगमन गर्दाको बखतमा कार्यक्रम खर्च वा यातायात खर्च बापत थप रकम समेत लिएको भएतापनि धेरै तथा टुक्रे योजना तर्जूमा तथा सञ्चालन गर्ने गरेको कारणले गर्दा अनुगमन तथा सुपरिवेक्षणतर्फ ध्यान दिन नसकेको अवस्था छ ।<br>योजना तथा कार्यक्रमहरुको तर्जूमा, कार्यान्वयन, सो सम्बन्धमा देखिएका व्यवधानहरु समाधानमा सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्दा योजना तथा कार्यक्रमको समय सापेक्ष सञ्चालन तथा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | गुणस्तरमा सुधार हुन नसक्ने अवस्था रहेको छ । तसर्थ ऐन तथा कानूनमा व्यवस्था भए बमोजिम सुपरिवेक्षण तथा अनूगमन कार्यलाई चालू तथा गतिशिल तुल्याई योजना तथा कार्यक्रम सञ्चालनका बाधा व्यवधान समाधान गरि गुणस्तर कायम गर्न ध्यान दिनुपर्दछ । | | | |
| २७ | | **सापटी सम्बन्धमाः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४५ मा एक बजेट शीर्षकमा स्वीकृत भएको रकम अर्को बजेट शीर्षकमा खर्च गर्न वा एक कार्यक्रमबाट अर्को कार्यक्रममा सापटी लिई खर्च गर्न वा गराउन नपाइने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम अन्तर्गत सञ्चालन भएका योजना एवं कार्यक्रमहरुहरुको भुक्तानी गर्ने कार्यका लागि रकम सापटी लिए दिएको पाइयो ।<br>जसका केही उदाहरण निम्न रहेका छन्:<br>सि.नं. / विवरण / रकम<br>१. / कोष पूँजीगतबाट रामधुनी भा.सि.न.पा.लाई / ५,००,०००।००<br>२. / कोष पूँजीगतबाट यूएनएफपिएलाई / १,७९,७४०।००<br>३. / कोष पूँजीगतबाट भारतीय राजदुतावासलाई / ५,००,०००।००<br>जम्मा / **११,७९,७४०।००**<br>एउटा शिर्षकबाट सापटी ल्याउने अनि त्यही रकम फेरी पुनः अर्को शिर्षकमा लगि खर्च गर्ने र समयमा सापटी सोधभर्ना गर्ने परिपाटीको विकास नहुनुले यस्तो भएको पाईन्छ । यसवाट समग्र जिविसको आय-व्ययमा समेत प्रभाव पार्ने देखिन्छ । तसर्थ, कार्यक्रमहरुका लागि असम्बन्धित शिर्षक एवं वर्षान्तमा सापटी लिने दिने कार्यलाई निरुत्साहित गरी सापटी हिसाब मिलान गर्नुपर्ने देखिएको रु | ११,७९,७४०।०० | | |
| २८ | ४-२०७२।२।१७ | <u>**प्रकोप व्यवस्थापन कार्यक्रम खर्च (म्याचिङ्ग फण्ड)**</u><br>स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्ने :- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४५(२) मा एक शिर्षक वा कार्यक्रममा विनियोजित रकम अर्को शिर्षक वा कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले प्रकोप व्यवस्थापन कार्यक्रम संचालन गर्न निकाशा भएको रू. १,००,०००।- सो कार्यक्रममा खर्च नगरी लैंगिक सम्बन्धी किशोर किशोरीलाई लैंगिक सम्बन्धी जनचेतना तालिम संचालन गरी रू. १,००,०००।- खर्च गरेको देखिंदा नियमित देखिएन । कार्यक्रम अनुसार खर्च गर्ने तर्फ ध्यान नदिएको कारण यस्तो भएको देखिन्छ । यसमा नियन्त्रण हुनुपर्ने देखिएको अनियमित रू. | १,००,०००।- | | |
| २९ | | <u>**थप सुविधा**</u> : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०५७ मा स्थानीय निकायले कर्मचारीलाई अन्य सुविधा दिंदा आफ्नो आम्दानी तथा खर्चको सिमा भित्र रही नेपाल सरकारका निजामती कर्मचारीले पाउने सुविधालाई आधार लिनु पर्ने व्यवस्था छ । करार सेवामा कार्यरत रहेका निम्नानुसारका कर्मचारीलाई तलव भत्तासाथ पर्व खर्च, जिविस भत्ता तथा पोशाक भत्ता आदि समेत उपलब्ध गराएको पाइएकोले सो भत्ता तथा सुविधा प्रदान गर्न मिल्ने आधार | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>प्रमाण पेश नभएको रु
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको पद नाम</th><th>पर्व खर्च</th><th>पोशाक भत्ता</th><th>जिविस भत्ता रु २७०० को दरमा</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>वा.अधिकृत पुष्पनारायण चौधरी</td><td>२४४००.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>६४३००.००</td></tr>
<tr><td>२.</td><td>खरिदार गंगा ढकाल</td><td>१७७३०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५७६३०.००</td></tr>
<tr><td>३.</td><td>सुपरभाइजर भागवत मेहता</td><td>१८८००.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५८७००.००</td></tr>
<tr><td>४.</td><td>सवारी चालक लालबहादुर श्रेष्ठ</td><td>१३३३०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५३२३०.००</td></tr>
<tr><td>५.</td><td>का.स. सरोज श्रेष्ठ</td><td>१२९८०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५२८००.००</td></tr>
<tr><td>६.</td><td>का.स. श्याम पौडेल</td><td>१२९८०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५२८००.००</td></tr>
<tr><td>७.</td><td>का.स. कुमार श्रेष्ठ</td><td>१२९८०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५२८००.००</td></tr>
<tr><td>८.</td><td>का.स. रोशन चौधरी</td><td>१२९८०.००</td><td>७५००.००</td><td>३२४००.००</td><td>५२८००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२६१८०.००</td><td>६००००.००</td><td>२५९२००.००</td><td>४४५३८०.००</td></tr>
</table>
ऐन नियमको पालना नगर्नु र सोको विपरित तलब खर्च लेख्ने गर्नु नै यसको प्रमुख कारण हो । यस सम्बन्धमा विगतको लेखापरीक्षण प्रतिवेदनले समेत औंल्याएकोमा यस आ.व.मा पनि सोही व्यहोरा दोहोरीनु नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउन जिल्ला विकास समिति उदासिन रहेकोले यसप्रकारको अवस्था सिर्जना भएको हो ।<br>
यसबाट कार्यरत कर्मचारीले कति तलब र ग्रेड पाउने हो सोको स्पष्ट आधार एकिन नभई तलब खर्च वृद्धि हुने सम्भावना रहन्छ तसर्थ ऐन नियममा भएको व्यस्थाको पालना गरी तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td>४४५३८०.००</td><td></td><td></td></tr>
<tr><td>३०</td><td></td><td>भुक्तानी बांकीको कच्चावारी : स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम ६० अनुसार अनुसुची २४ को ढांचामा आ.व.को अन्त्यमा भुक्तानी दिन वांकी रकम अनुसुची २४ को ढांचामा प्रमाणीत गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष कोष पूँजीगत शिर्षकबाट आ.व. ०७०/७१ को सामाजिक परीक्षण वापत विदुर सुवेदी मार्फत भएको खर्च रू. १५०,०००।- भुक्तानीमा नियमावली अनुसार भुक्तानी दिन बाँकीको कच्चावारी अनुसूची २४ संलग्न नगरी भुक्तानी गरेको देखियो ।<br>
यसो गर्दा चालू आर्थिक वर्षमा थप दायित्व पर्नगई सञ्चालित योजनाहरुको कार्यसम्पादनमा असर पर्न जाने देखिन्छ । तसर्थ आगामी दिनमा दायित्व सर्ने कार्यका लागि समयमै भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी गर्नुपर्ने देखिएको रु.</td><td>१,५०,०००।-</td><td></td><td></td></tr>
<tr><td>३१</td><td></td><td>सम्झौता भन्दा बढी भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याई सहित भुक्तानी गर्न सकिने व्यवस्था छ । कुनैपनि सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रही निर्धारित ढाँचामा बिलबिजक प्राप्त गरेर मात्र गर्नुपर्दछ । कार्यालयले जि वि स</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अनुदान कार्यक्रम अन्तर्गत सञ्चालित महिला विकास कार्यक्रमको जगदम्बा महिला वचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण समिति भोक्राहालाई भवन निर्माण कार्यको भुक्तानी दिँदा सम्झौताको शर्तभन्दा बढी रु ६३४१०।१५ भुक्तानी दिएको पाइयो । कार्यालयले सम्झौताको शर्तको पालनामा कार्यालयले उचित ध्यान नपुऱ्याएको कारण बढी भुक्तानी भएको देखिन्छ । जसले गर्दा योजनाको लागत बढ्नुको साथै रकमको दुरुपयोग समेत हुनजाने देखिन्छ । तसर्थ, बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने देखिएको रु.... | ६३,४१०।१५ | | |

| गो.भौ.न./ मिति | योजनाको नाम | उपभोक्ता समिति | मूल्याङ्कित विल रकम | उपभोक्ताको योगदान | कार्यालयले गरेको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४४।२०७२।२।१८ | जगदम्बा महिला वचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण | जगदम्बा महिला वचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण समिति | १६३१७४।०३ | ३७५८४।१८ | १२५,५८९।८५ भुक्तानी गर्नुपर्नेमा १५९०००।०० भुक्तानी | ३३,४१०।१५ |
| ३२०-०७२।३।२५ | पैनी मर्मत | पैनी मर्मत उ.स.प्रकाशपुर | २,१३,७५६।४३ | ६३,७५६।४३ | १५०,०००।- भुक्तानी गर्नुपर्नेमा १८०,०००।- भुक्तानी | ३०,०००।- |
| | | | | | जम्मा | ६३,४१०।१५ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३२ | २१-२०७१।५।२९ | **प्राविधिक पुष्ट्याई :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याई सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र भेरिएसन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोष पूजीगत कार्यक्रम अन्तर्गत सञ्चालित कार्यालय परिसर भित्र ल्यावका लागि भवन निर्माण कार्यको लागत अनुमान रु. १०७६१६४।७१ को भुक्तानी दिँदा कार्यसम्पन्नको आधारमा रु. ११४५४४८।७७ भुक्तानी दिँदा भेरिएशन स्विकृत नगरि सम्झौताको रकमभन्दा बढी रु ६९२८४।०६ भुक्तानी दिएको अनियमित रु. | ६९,२८४।०६ | | |
| ३३ | | **अतिरिक्त भत्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) अनुसार स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । साथै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशनअनुसार निजामती सेवाका कर्मचारीहरुको तलबमानलाई आधार मानी स्थानीय निकायका कर्मचारीहरुको तलवमान निर्धारण गर्नुपर्ने तथा वार्षिक तलब वृद्धिसमेत निजामती कर्मचारी सरह नै उपलब्ध गराउनुपर्ने व्यहोरा उल्लेख छ । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
त्यसैगरी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशनअनुसार स्थानीय निकायले आफ्ना कर्मचारीलाई लुगाभत्ता लगायतका अतिरिक्त सुविधा दिदाँ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ र ५५ मा तोकिएको प्रशासनिक खर्चको परिधिभित्र रहेर मात्रै उपलब्ध गराउन सक्ने व्यहोरा उल्लेख छ ।<br><br>
कार्यालयले देहायको विवरणअनुसार जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय, वैकल्पिक उर्जा र करारतर्फका कर्मचारी समेतलाई मासिक रु २७००।०० जिविस भत्ता, प्राविधिक कर्मचारीहरुलाई फरक फरक दर (रु १८०० देखी २५०० सम्म) प्रयोग गरी फिल्ड भत्ता, केही कर्मचारीलाई अतिरिक्त समय काम गरेको खाना खाजा खर्च आदी सहित सञ्चार सुविधा उपलब्ध गराएको पाइयो । जिल्लास्थित विभिन्न कार्यक्रम, बीमा प्रिमियम, अनुगमन तथा फिल्ड जांदा अनुगमन भत्ता, यातायात खर्च, खाजा खर्च, इन्धनबापतको विल भुक्तानी, गाडी भाडा आदि भुक्तानी गरेको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यरत कार्यालय</th><th>मासिक भुक्तानी</th><th>कर्मचारी संख्या</th><th>वार्षिक भुक्तानी</th><th>थप व्यहोरा</th></tr>
<tr><td>१.</td><td>जिल्ला विकास समिति कार्यालय</td><td>१५६६००.००</td><td>५८</td><td>३०४८७३७.००</td><td>जिल्ला विकास अन्तर्गत सम्पूर्ण कर्मचारीलाई जिविस भत्ता, फिल्ड भत्ता, बैठक भत्ता, अतिरिक्त समय काम गरेबापतको खर्च भुक्तानी आदि</td></tr>
<tr><td>२.</td><td>प्राविधिक कार्यालय</td><td>४२९००.००</td><td>१७</td><td>५५४६००.००</td><td>प्राविधिक कर्मचारीलाई</td></tr>
<tr><td>३.</td><td>जिविस कर्मचारीहरुलाई भत्ता</td><td>–</td><td>विभिन्न</td><td>२३४०००.००</td><td>बीमा वापत</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३८३७३३७.००</td><td></td></tr>
</table>
यस प्रकारको सेवा र सुविधा कार्यालयका कर्मचारी र अन्य निकायका कर्मचारीसमेतलाई उपलब्ध गराउँदा जिविसको आन्तरीक आय तुलनात्मक रुपमा सबल रहँदा उपयुक्त देखिएतापनि न्यून आम्दानी हुने जिल्ला विकास समितिमा यस्तो सुविधा दिनु पूर्व विचार गर्नुपर्ने देखिन्छ । यस तर्फ ध्यान दिएको देखिएन । यसो हुनुमा बोर्डले गरेका जुनसुकै निर्णयहरु पनि वैद्य ठहर्छ भन्ने मानसिकता एवं चालू खर्चका आधारहरु स्थापित गर्दा भविष्यमा त्यसको असर प्रभावबारे सचेत नरहेका कारण यस किसिमका भुक्तानी भएको देखिन्छ । जसले गर्दा प्रशासनिक व्ययभार अत्यधिक हुनुका साथै कर्मचारी कर्मचारी बिचमा समेत सुविधा प्राप्तीका सम्बन्धमा विभेदको अवस्था सिर्जना हुनजान्छ । अत : नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.
</td><td>३८,३७,३३७।००</td><td></td><td></td></tr>
<tr><td>३४</td><td></td><td>दोहोरो सरकारी सुविधा : निजामती सेवा नियमावली, २०५० को नियम ११७ बमोजिम निजामती कर्मचारीले कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन, कुनै व्यापार वा व्यावसाय गर्न वा अन्यत्र कुनै प्रकारको सेवा स्वीकार गर्न चाहने राजपत्रांकित कर्मचारीले सेवा,</td><td>३८,२५०।००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>समूहसम्बन्धी मन्त्रालयबाट र राजपत्र अनंकित तथा श्रेणीविहिन निजामती कर्मचारीले विभागीय प्रमुखबाट स्विकृति लिनुपर्ने व्यवस्था छ ।<br><br>जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्तालाई प्रतिमहिना रु ५०००।०० (कर बाहेक) का दरले चैत्रसम्म रु. ४५,०००।०० भुक्तानी गरेको पाइयो । जिल्ला विकास समितिले आवश्यकतानुसार कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था भएतापनी सञ्चित कोषबाट तलव भत्ता खानेगरी नियुक्त भै पदमा बहाल रहेको पदाधिकारीलाई कानूनी सल्लाहकार बापत भुक्तानी हुनुमा दुवै पक्षले ऐन नियममा भएका व्यवस्थाको परिपालनामा ध्यान नदिएका कारण यस्तो हुन गएको देखिन्छ ।<br><br>यसरी एकै व्यक्तिले दुई सरकारी निकायबाट दोहोरो सुविधा लिँदा बहाल रहेको कार्यालयबाट प्रदान हुने सेवा प्रवाहमा गम्भीर असर पर्न जाने तथा उपलब्ध गराउने परामर्श सेवा समेत प्रभावित हुनजान्छ । तसर्थ, ऐन नियममा भएका व्यवस्थाको परिपालना गराउने जिम्मेवार पदाधिकारीलाई मासिक रुपमा भुक्तान गरिएको रकम अनियमित देखिएको रु</td><td></td><td></td><td></td></tr>
<tr><td>३५</td><td></td><td>करकट्टी र दाखिला : आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९ मा पारिश्रमिक, बहाल र अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । साथै, कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ । कार्यालयले सडक बोर्डको कन्टिन्जेन्सीबाट विभिन्न सामानको भुक्तानी गर्दा नियमानुसार १.५% कर कट्टी नगरेको हुँदा गर्नुपर्ने रु.</td><td>१२३७५०</td><td></td><td></td></tr>
<tr><td>३६</td><td></td><td>अन्य कार्यालयको भुक्तानी : आर्थिक कार्यविधि ऐ.न २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको अधारमा लेखापरीक्षण गर्दा निम्नानुसार छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका देहायनुसारका जिल्ला स्थित अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको पाइयो ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेखेको शिर्षक/कार्यक्रम</th><th>खर्च व्यहोरिएको कार्यालय</th><th>खर्चको प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>१५५/२०७२/२/२१</td><td>जि वि स अनुदान</td><td>विराटनगर पुनरावेदन अदालत</td><td>क्षमता अभिबृद्धि तालिम</td><td>२००००.००</td></tr>
<tr><td>३५७/२०७२/३/३०</td><td>कोष पूजीगत</td><td>जिल्ला वन कार्यालय</td><td>स्टोर घर निर्माण</td><td>१०००००.००</td></tr>
<tr><td>१३५-०७२।३।१५</td><td>संस्कृति पर्यटन</td><td>सशस्त्र प्रहरी वल</td><td>पाइप खरिद</td><td>५०,९६३।००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td></tr>
</table>
यसरी छुट्टै अस्तित्वका अन्य कार्यालवाट भएको खर्च कार्यालयवाट व्यहोर्दा यस कार्यालयको वजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने र अख्तियारीको सिमा भित्र नपर्ने, कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिएको अनियमित रु</td><td>१७०,९६३।००</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३७ | | <u>**भारतीय दुतावास सहयोग कार्यक्रम**</u><br>**पूर्व निर्धारित क्षतिपूर्ति :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) अनुसार निर्माण व्यवसायीले आफ्नो कारणबाट तोकिएको म्यादमा र म्याद थप भएकोमा थप म्याद भित्र सम्झौता बमोजिमको काम सम्पन्न गर्न नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।<br>भारतीय सहयोगमा निर्माण भएको भगवती माध्यमिक विद्यालय इनरूवाको ३ तल्ले भवन र फर्निचर निर्माण कार्य मू.अ.कर वाहेक रू. २,९६,५०,१६३।४४ मा २०७१।१।३१ भित्र सम्पन्न गर्ने गरी ठेकेदार गिताञ्जली/ब्राइटवुल/सिटौला जे.भी.सँग सम्झौता भएकोमा पटक पटक गरी मिति २०७२।२।३० सम्म म्याद थप भएको देखिन्छ । यो वर्ष ७औं रनिङ्ग विलबाट भएको भुक्तानी समेत २०७२।१।२२ सम्म रू. २,७३,९७,०४०।९७ (भ्याट समेत) भुक्तानी भएको भएतापनि कार्य सम्पन्न गरेको छैन । ठेकेदारले थप म्याद भित्र कार्य सम्पन्न नगरेको र कार्यालयबाट म्याद थप समेत गरेको नदेखिंदा ढिला हुनको कारण भए पेश हुनुपर्ने अन्यथा २०७२ आषाढ मसान्तसम्म ढिला दिन ३० को ०.०५ प्रतिशतका दरले सम्झौता रकम रू. २,९६,५०,१६३।४४ को पूर्व निर्धारित क्षतिपूर्ति रू. ४,४४,७५२।४५ असुल गर्नुपर्ने देखिएको रू. | ४,४४,७५२।४५ | | |
| ३८ | २१-०७१।७।२० | <u>**वातावरण कोष**</u><br>**भुक्तानी बाँकीको विवरण वेगर भुक्तानी :** कार्यालयले कुनै एक आर्थिक वर्षको रकम भुक्तानी दिन नसकिने भएमा म.ले.प.फा.नं. १८ (भुक्तानी दिन बाँकीको विवरण) प्रमाणित गरी राख्ने र सोही आधारमा अर्को वर्ष भुक्तानी दिन सकिने व्यवस्था छ । जे.वि.एस. इण्डष्ट्रिज इटहरीलाई वातावरण न्यूनिकरण कार्य गरेवापत गत वर्षको पेश्की रू. ७२,७०५।- फछ्र्योट समेत रू. १,८२,१३१।- भुक्तानी दिएकोमा सक्कल विल संलग्न नभएको र संलग्न सवै २०७०/७१ को फोटोकपी विल संलग्न भएको र भुक्तानी साथ भुक्तानी बाँकीको प्रमाणित विवरण पेश नभएको हुँदा गत वर्ष भुक्तानी भएको छैन भन्नसक्ने आधार समेत नभएको अनियमित रू. | १,८२,१३१।- | | |
| ३९ | ४३-२०७२।१।६ | **आवश्यक प्रमाण वेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६(३) अनुसार खर्च गरेको विल भरपाई संलग्न हुनुपर्दछ । जि.वि.स. र भोक्राहा गा.वि.स. वीच २०७०।१०।२३ मा भएको सम्झौता अनुसार २४ ट्युववेल खरिद तथा वितरण, ५० प्लेटफर्म निर्माण र २४ पानी परिक्षण समेतको कार्य रू. ४,९८,५००।- मा सम्पन्न गर्ने र सो वापत जि.वि.स.ले रू. ३,००,०००।- भुक्तानी दिने सम्झौता अनुसार गो.भौ.नं. ५-२०७१।५।५ बाट २४ ट्युवेल खरिद एवं वितरण वापत रू. १,२०,०००।- भुक्तानी दिएको र गो.भौ.नं. ४३-०७२।१।६ बाट प्लेटफर्म र ट्वाइलेट निर्माणको रू. २,१२,७५१।५४ को निर्माण कार्यको कार्य सम्पन्न विल राखी सोमा उल्लेख भए अनुसार रू. १,१६,३६३।६३ जि.वि.स. (सिम नेपाल) ले व्यहोर्ने र रू. ९६,३८७।९१ गा.वि.स. र युजर्स ग्रुपले व्यहोर्ने उल्लेख छ । सो अनुसार यस भौचरबाट रू. १,१६,३६३।६३ भुक्तानी खर्च लेख्नुपर्नेमा रू. | ७३,२७१।३७ | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | १,८९,६३५।- गा.वि.स.लाई भुक्तानी दिएबाट वास्तविक कार्य सम्पन्न र भुक्तानी दिनुपर्ने प्रमाण वेगर सम्झौता गरेको आधारमा भुक्तानी दिएको फिर्ता लिनुपर्ने रू. | | | |
| ४० | | **एकिकृत कूल पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) मा विभिन्न कामको लागि लिएको पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार जिल्ला विकास समिति अन्तर्गत केन्द्र तथा कोषतर्फको गत वर्षको पेश्की जिम्मेवारी, यस वर्ष फर्छ्यौट, वाकी र यस वर्ष थप भएको पेश्कीको विवरण निम्नानुसार रहेको छ । | | | |

| | विवरण | गतको वर्षको पेश्की वाँकी | यस वर्षको फछ्र्यौट | गत वर्षको वाँकी | यस वर्षको थप | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| कोष तर्फको | कर्मचारी | १,४९९,९४०।०५ | ८४,०००।०० | १,४१५,९४०।०५ | ४००,०२०।०० | १,८१५,९६०।०५ |
| | पदाधिकारी | ६०९,९३५।२२ | | ६०९,९३५।२२ | | ६०९,९३५।२२ |
| | उपभोक्ता समिति | २,०४७,५३७।०० | १९४,०००।०० | १,८५३,५३७।०० | | १,८५३,५३७।०० |
| | संघ/संस्था/व्यक्ति | १३,३९९,२२५।५० | ४००,०००।०० | १२,९९९,२२५।५० | १५०,०००।०० | १३,१४९,२२५।५० |
| | गा.वि.स. | | | | ५००,०००।०० | ५००,०००।०० |
| | **कोष तर्फको जम्मा** | **१७,५५६,६३७।७७** | **६७८,०००।००** | **१६,८७८,६३७।७७** | **१,०५०,०२०।००** | **१७,९२८,६५७।७७** |
| क्र.सं. | विवरण | गतको वर्षको पेश्की वाँकी | यस वर्षको फछ्र्यौट | गत वर्षको वाँकी | यस वर्षको थप | जम्मा पेश्की |
| केन्द्र तर्फको | कर्मचारी | | | ( | | ( |
| | पदाधिकारी | | | ( | | ( |
| | उपभोक्ता समिति | ४३४,५३५।०० | ३९६,०००।०० | ३८,५३५।०० | २,१०१,२४५।८२ | २,१३९,७८०।८२ |
| | संघ/संस्था/व्यक्ति | ९६८,०००।०० | | ९६८,०००।०० | | ९६८,०००।०० |
| | गा.वि.स./न.पा. | ४१,९२२,५००।०० | ३७,९१८,७००।०० | ४,००३,८००।०० | २१३,६१८,४४०।०० | २१७,६२२,२४०।०० |
| | **केन्द्र तर्फको जम्मा** | **४३,३२५,०३५।००** | **३८,३१४,७००।००** | **५,०१०,३३५।००** | **२१५,७१९,६८५।८२** | **२२०,७३०,०२०।८२** |
| | **कूल जम्मा** | **६०,८८१,६७२।७७** | **३८,९९२,७००।००** | **२१,८८८,९७२।७७** | **२१६,७६९,७०५।८२** | **२३८,६५८,६७८।५९** |

पुरानो पेश्की समयमा फछ्र्यौट नगर्ने, पेश्की वाँकी छदाछदै सामाजिक सुरक्षा पेश्की दिने गरेबाट पेश्की वाँकीको रकम बढ्दै गएको देखिन्छ । यसमा नियन्त्रण गरी समयमा पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४०.१

<u>यस वर्षको पेश्की वाकी</u> : कार्यालयले कोष र केन्द्रतर्फ निम्नानुसारका कार्यक्रम र शिर्षकमा दिएको पेश्की रु. २२,३६,०४,३०५।८२ मध्ये रू. ६८,३४,६००।- फछ्र्यौट भईसकेकोले परीक्षण गरिदिन कार्यालयबाट अनुरोध गरेको आधारमा परीक्षण गरी देखिएका व्यहोरा कायम गरी फछ्र्यौट गरिएको छ । अन्य वाँकी पेश्की

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | आ.व.को अन्त्यसम्म फछ्र्यौट भए गरेको नदेखिंदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को १८३ अनुसार फछ्र्यौंट हुनुपर्ने देखिएको रु. | २१,६७,६९,७०५।८२ | | |

## कोष तर्फ

**कोष चालु तर्फ**

| क्र.सं. | पेश्की लिने व्यक्ति तथा संस्थाको नाम, थर | पेश्की रकम |
|---|---|---|
| १ | उत्तमकुमार खतिवडा, ले.पा. | २०,०००।०० |
| २ | भोजराज सुवेदी, ना.सु. | ५०,०००।०० |
| ३ | सराजे श्रेष्ठ, का.स. | १५,०००।०० |
| ४ | प्रेमा डाँगी, ना.सु. | ५०,०००।०० |
| ५ | युवराज अधिकारी, स्था.वि.अ. | १३,४२०।०० |
| | जम्मा | १४८,४२०।०० |

**कोष पूजीगत तर्फ**

| | | |
|---|---|---|
| १ | ग्रामीण समाज संरक्षण केन्द्र इनरूवा ६ | ५०,०००।०० |
| २ | जिल्ला वन कार्यालय सुनसरी | १००,०००।०० |
| ३ | आलोक थापा मगर, ना.सु. | २५,०००।०० |
| | जम्मा | १७५,०००।०० |

**प्रकोप व्यवस्थापन कोष**

| | | |
|---|---|---|
| १ | किशोरकुमार सिंह, खरिदार | १८,०००।०० |

**मर्मत सम्भार कोष**

| | | |
|---|---|---|
| १ | पश्चिमकुशाहा गा.वि.स. | ५००,०००।०० |

**कर्मचारी कल्याण कोष**

| | | |
|---|---|---|
| १ | अशोक उराँव, का.स. | ५७,०००।०० |
| २ | सुधिर दास, खरिदार | ४४,०००।०० |
| ३ | रामनारायण चौधरी, क.अ. | ५०,०००।०० |
| ४ | जगदिश मरिक, का.स. | ४४,०००।०० |
| | जम्मा | १९५,०००।०० |

**जि.वि.स. अनुदान पूँजीगत**

| क्र.सं. | पेश्की लिने व्यक्ति तथा संस्थाको नाम, थर | पेश्की रकम |
|---|---|---|

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्योटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| १ | रूद्रनारायण मेहता, खरिदार | १३,६००।०० |

| | | |
|---|---|---|
| | **कोषतर्फको कूल जम्मा** | **१,०५०,०२०।००** |

## केन्द्र तर्फ

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम**

| | | |
|---|---|---|
| १ | परिवर्तन नेपाल इटहरी | ९३,१५०।८२ |
| २ | बौकाई धामी झ्पालुङ्गे पुल एकम्वा | ४९५,०००।०० |
| ३ | शेहरा खोला झ्पालुङ्गे पुल नि.उ.स. | ५८२,६४५।०० |
| ४ | सुनसरी वविया ट्रस पुल | ३८५,४५०।०० |
| ५ | कृष्णगृल एण्ड इन्जिनियरिङ्ग वर्क्स बिराटनगर | ५४५,०००।०० |
| | जम्मा | २,१०१,२४५।८२ |

**ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम**

| | | |
|---|---|---|
| १ | पश्चिमकुशाहा गा.वि.स. | २००,०००।०० |

**सामाजिक सुरक्षा तर्फ**

| | | |
|---|---|---|
| १ | खनार गाविस | ५,८५४,०००।०० |
| २ | पकली गाविस | ४,६४९,२००।०० |
| ३ | एकम्वा गाविस | ३,१७६,४००।०० |
| ४ | इनरूवा न.पा. | १२,०६४,१००।०० |
| ५ | मधेशा गाविस | ३,७१७,७००।०० |
| ६ | भा.सि. न.पा. | ७,७४३,६००।०० |
| ७ | दुहवी न.पा. | ६,१४४,०००।०० |
| ८ | भलुवा गाविस | २,५२०,४००।०० |
| ९ | विष्णुपादुका गाविस | २,११०,४००।०० |
| १० | पाँचकन्या गाविस | ६,७१८,८००।०० |
| ११ | मधुवन गाविस | ३,३९४,०००।०० |
| १२ | बराहक्षेत्र गाविस | ६,९०२,४००।०० |
| १३ | पश्चिमकुशाहा गाविस | ३,७७६,८००।०० |
| १४ | सोनापुर गाविस | ३,३६५,८००।०० |
| १५ | नरसिंह गाविस | ४,७०८,०००।०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|
| | | १६ | मधेली गाविस | २,८७२,४००।०० | | | |
| | | १७ | सिमरिया गाविस | ३,३२५,२००।०० | | | |
| | | १८ | औरावनी गाविस | ३,०३७,२००।०० | | | |
| | | १९ | छिटाहा गाविस | ३,२४७,२००।०० | | | |
| | | २० | पूर्वकुशाहा गाविस | ३,०९४,४००।०० | | | |
| | | २१ | चिमडी गाविस | २,२२८,४००।०० | | | |
| | | २२ | बक्लौरी गाविस | ६,४७०,८००।०० | | | |
| | | २३ | प्रकाशपुर गाविस | ७,३६८,८००।०० | | | |
| | | २४ | सत्तेरझोरा गाविस | ३,८७५,६००।०० | | | |
| | | २५ | महेन्द्रनगर गाविस | १५,२४०,८००।०० | | | |
| | | २६ | रा.सि. गाविस | ३,२६२,४००।०० | | | |
| | | २७ | हरिनगरा गाविस | २,६६२,४००।०० | | | |
| | | २८ | तनमुना गाविस | २,६३०,४००।०० | | | |
| | | २९ | गौतमपुर गाविस | १,३४२,४००।०० | | | |
| | | ३० | चाँदवेला गाविस | २,५८९,१००।०० | | | |
| | | ३१ | जल्पापुर गाविस | २,१८९,६००।०० | | | |
| | | ३२ | मध्यहर्षाही गाविस | २,५८७,२००।०० | | | |
| | | ३३ | लौकही गाविस | १,३३०,७००।०० | | | |
| | | ३४ | देवानगंज गाविस | २,३८६,८००।०० | | | |
| | | ३५ | श्रीपुरजव्दी गाविस | ४,४६९,०००।०० | | | |
| | | ३६ | कप्तानगंज गाविस | ३,६११,२००।०० | | | |
| | | ३७ | हरिपुर गाविस | ३,६१९,६००।०० | | | |
| | | ३८ | साहेवगंज गाविस | १,४०८,७००।०० | | | |
| | | ३९ | रामनगर भुटाहा गाविस | ३,१९२,४००।०० | | | |
| | | ४० | अमाहीवेल्हा गाविस | ३,२१५,२००।०० | | | |
| | | ४१ | रामगंजवेल्हाछिया गाविस | ३,१६२,४००।०० | | | |
| | | ४२ | घुस्की गाविस | २,२७७,६००।०० | | | |
| | | ४३ | अमडुवा गाविस | ३,०९२,८००।०० | | | |
| | | ४४ | भरौल गाविस | १०,४०५,६००।०० | | | |
| | | ४५ | डुम्राहा गाविस | ७,०२१,७४०।०० | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>४६</td><td>भोक्राहा गाविस</td><td>५,३१०,०००।००</td></tr>
<tr><td>४७</td><td>वविया गाविस</td><td>३,३५६,०००।००</td></tr>
<tr><td>४८</td><td>हाँसपोसा गाविस</td><td>१०,६८८,८००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१३,४१८,४४०।००</td></tr>
</table>
<table>
<tr><td></td><td>केन्द्रको कूल जम्मा</td><td>२१५,७१९,६८५।८२</td></tr>
</table>
<table>
<tr><td></td><td>कूल जम्मा (केन्द्र र कोष दुवैको)</td><td>२१६,७६९,७०५।८२</td></tr>
</table>
तोकिएको योजना मुताविक कार्यक्रम कार्यान्वयन नगर्ने एवं बर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की बाँकी रहन गएको देखिन्छ । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्को तर्फ पेश्कीको मात्रा बढदै जाने देखिन्छ । तसर्थ पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की अविलम्ब फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td>पेश्की सम्बन्धमा देखिएका अन्य व्यहोरा – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८२ (१) र (२) मा कार्यालयबाट पेश्की लिंदा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र प्राप्त विवरणको आधारमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैरकर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट खोली पेश्की दिनुपर्ने उल्लेख छ ।<br><br>कार्यालयले कर्मचारी, विभिन्न व्यक्ति र उपभोक्ता समितिको नाममा पेश्की उपलव्ध गराउंदा पेश्की लिनेको आवश्यक विवरण लगायत तीन पुस्ते स्थायी र अस्थायी ठेगाना उल्लेख गरेको पाइएन । पेश्की खातामा पनि यस किसिमको स्पष्ट विवरण राख्ने परिपाटी देखिएन । अत: उक्त विवरण खुलाइ पेश्की बांकी रकम समयमै ताकेता तथा कारबाही गरी असुल फछ्र्यौट गर्ने कार्यमा कार्यालय संवेदनशिल हुनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>केन्द्रीय शीर्षकतर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>४१</td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(ख) सम्बन्धित स्थानीय निकायले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम अन्तर्गत निम्न योजनाको अन्तिम भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी अन्तिम भुक्तानी गर्ने गरेको व्यहोरा निम्न छन् :</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम/शीर्षक</th><th>भौ.नं. र मिति</th><th>संस्था/कार्यालय/विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>२ जिल्ला जोड्ने सडक</td><td>१४-०७२।३।२५</td><td>सेउतीखोला - धरान १४ रोड</td><td>५,६१,१६९।७२</td></tr>
<tr><td>२.</td><td>स्थानीय यातायात पूर्वाधार</td><td>२७-०७२।३।२५</td><td>इनरूवा - चाँदवेला सडक</td><td>४,००,९४३।७४</td></tr>
<tr><td>३.</td><td>साना सिंचाई</td><td>१७-०७२।३।२५</td><td>गडन खोला नियन्त्रण उ.स.</td><td>१,७४,६००।-</td></tr>
<tr><td rowspan="2">४.</td><td rowspan="2">LGCDP</td><td>१. विभिन्न</td><td>मधुवन ना.स.के.पूर्वाधार विकास</td><td>३,१५,०००।-</td></tr>
<tr><td>२. विभिन्न</td><td>भोक्राहा ना.स.के.पूर्वाधार ,,</td><td>३,१५,०००।-</td></tr>
</table>
नियममा भएका व्यवस्थाको पालनामा कार्यालय संवेदनशील नहुनु नै यसको कारण हो । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने तथा योजनाको भुक्तानीमा प्राविधिक पुष्ट्याई कमजोर हुनजान्छ । अत : जिम्मेवार पदाधिकारीबाट कार्यसम्पन्न प्रतिवेदन स्विकृति बेगर योजनाको नापजाँच फरफारक हुने अवस्थामा सुधार हुनुपर्ने देखिएको रु.</td><td>१७,६६,७१३।४६</td><td></td><td></td></tr>
<tr><td>४२</td><td></td><td>अनुदान फ्रिज – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) अनुसार नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्दछ । यस वर्ष जिल्ला विकास समितिले आफू अन्तर्गतका विभिन्न ४९ गाउं विकास समितिमा चालूतर्फ रु १,९९,२२,०००।०० र पूंजीगततर्फ रु. ९,४७,९२,५४८।०० गरी कूल जम्मा रु ११,४७,१४,५४८।०० निकासा दिएको रकममध्ये के कति खर्च भई वर्षान्तमा बांकी रहेको रकम फिर्ता भए नभएको सम्बन्धमा कार्यालयबाट माग भएका विवरण प्राप्त नभएकोले यकिन हुन सकेन ।<br><br>नियमको पालनामा गाविसले ध्यान नदिएका कारण यस्तो हुन गएको हो । केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रहेको रकम यकिन गरी फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराउंदा आर्थिक अनियमितता हुने सम्भावना रहनुका साथै नियमावलीको व्यवस्था परिपालना समेत नहुने अवस्था विद्यमान रहन्छ । जिल्ला विकास समितिले गाउं विकास समितिहरुलाई केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गराउनेतर्फ अविलम्ब कारबाही गर्नुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>४३</td><td></td><td>गा.वि.स.अनुदानको लेखापरीक्षण :–<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ अनुसार नेपाल सरकारको केन्द्रीय बजेट मार्फत गाविस कार्यालयलाई निकाशा भएको रकमको लेखापरीक्षण गरी खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्दछ । लेखापरीक्षणबाट वेरुजु देखिएमा लगत राखी असुल फछ्र्यौट गर्नु</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | गराउनु पर्दछ ।<br><br>यस वर्ष जिल्ला विकास समितिले आफू अन्तर्गतका विभिन्न ३९ गाउं विकास समितिमा चालुतर्फ रु. १,९२,२२,०००।- र पूंजीगततर्फ रू. ९,४७,९२,५४८।- निकासा दिएको देखाएको छ । यसरी निकासा दिएको रकममध्ये के कति खर्च भई वर्षान्तमा के कति बांकी भएको छ २०७२ आषाढ मसान्तको खर्चको फाँटवारी विवरण लिई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गरी लेखापरीक्षणबाट देखिएको वेरूजु लगत कायम गरी असुल फछ्र्यौट गर्नुपर्नेमा सो गरेको देखिएन । यस वर्ष निकाशा भएको रकमको लेखापरीक्षण प्रतिवेदन प्राप्त हुन आएन । यस सम्बन्धमा गत वर्ष निकासा दिएका गा.वि.स.मध्ये नमूना छनौटको आधारमा १० वटा गाउँ विकास समितिको २०७०।७१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन माग गरी अध्ययन गर्दा अनुदानको रकम कति बांकी रहेको हो कुनैले पनि खुलाउने गरेको देखिएन भने बांकी रहेको भनी फिर्ता गर्ने गरेको पनि पाइएन ।<br>जिल्ला विकास समितिले गाउं विकास समितिहरुलाई केन्द्रीय बजेट मार्फत निकासा दिएको रकम मध्ये आय व्ययमा अलग्गै आम्दानी र खर्च देखाई वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गराउने तर्फ अविलम्ब कारबाही गर्नु पर्दछ । यस सम्बन्धमा आ.ब. २०७०/७१ मा अनुदान निकासा दिएका विभिन्न १० गा.वि.स.को प्रतिवेदन नमूना रुपमा अध्ययन गर्दा १० मध्ये ५ गा.वि.स.ले अनुदान तर्फको खर्च नदेखाई एकमुष्ट देखाएकोले कति वाँकी एकिन गर्न सकिएन । वाँकि निम्न ५ गा.वि.स. मा रु. १३,८६,५२६।- मौज्दात रकम बचत रहेको देखिन्छ । अत: जि.वि.स.ले लेखापरीक्षक नियुक्ति गर्दा नै अनुदानको आम्दानी र खर्च एकिन गरी बचेको रकम फ्रिज गर्नु पर्ने शर्त खुलाई लेखापरीक्षण प्रतिवेदन लिने र बांकी रकम फ्रिज गराउने गर्नु पर्दछ । यसरी मौज्दात रहेका गा.वि.स. को वाँकी रकम छानविन गरी असुल गर्नुपर्ने देखिन्छ । नमुना परीक्षण गर्दा वाँकी देखिएका निम्न गा.वि.स.को वाँकी रकम संचित कोष दाखिला हुनुपर्ने रू. | १३,८६,५२६।- | | |

| सि.नं. | गा.वि.स.को नाम | अनुदान | कूल आय | व्यय | बैंक वाँकी | दाखिला | खुद वाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | | पूँजीगत | १६,२१,८५०।- | ६,५२,६१९।- | ९,६९,२३१।- | १,२७,१९५।- | ८४२०३६।- |
| २ | मधेली | ,, | १३,८३,०५०।- | १३,३४,२२०।- | ४८,८३०।- | ४८,८३०।- | ० |
| ३ | चिमडी | ,, | २१,७६,२००।- | १८,८४,५३४।७५ | २,९१,६६५।२५ | २,९१,६६५।२५ | ० |
| ४ | तनमुना | ,, | १५,००,०००।- | १४,६९,५००।- | ३०,५००।- | २१,१००।- | ९४००।- |
| ५ | रामनगर भुटाहा | चालु/,, | २६,१८,९५०।- | २०,६०,६५६।- | ५,५८,२९४।- | २३,२०४।- | ५३५,०९०।- |
| जम्मा | | | | | | | १३,८६,५२६।- |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ४४ | | **चौमासिक खर्चको स्थिति** : कार्यालयका आफ्नो वार्षिक बजेट तथा कार्यक्रमअनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस वर्ष कार्यालयले विभिन्न शीर्षक अन्तर्गत २०७१ | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

आषाढ महिनामा अधिकांश खर्च गरेको पाइयो ।

| सि. नं. | वजेट उपशिर्षक | कूल खर्च | चौमासिक खर्च | | | आषाढ महिना | आषाढ महिनाको खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोश्रो | तेश्रो | | |
| १ | ३६५८०१३ | ३२,१५४,८२७४० | १,७९९,८९२१० | ३,९२९,८९०१९० | ३२,१५४,८२७४० | १७,९१२,७१४१५० | ५५.७० |
| २ | ३६५८०१३ | २४,३४२,७५७०० | ( | ( | २४,३४२,७५७०० | २४,३४२,७५७०० | १०० |
| ३ | ३६५८०८४ | ९,६९०,२२६।६५ | ( | ४९,०००।०० | ९,६९०,२२६।६५ | ६,६९२,९९५।५३ | ६९.०६ |
| ४ | ३६५८३७४ | ५,१३९,६१२।७२ | ( | ( | ५,१३९,६१२।७२ | ४,१०९,८१२।७२ | ७९.९६ |
| ५ | ३६५८३१४ | ७,२९०,८१०।२४ | ( | ३,३१२,५१२।८३ | ७,२९०,८१०।२४ | ३,९७८,२९७४१ | ५४.५६ |
| ६ | ३६५८०९४ | ६,५७४,०००।०० | ( | ६३६,९०२।०० | ६,५७४,०००।०० | १,९९६,६६०।८२ | ३०.३७ |
| ७ | ३२५११३३ | १९,५००,०००।०० | ( | ३८९,७००।०० | १९,५००,०००।०० | ८,५६४,८४९।४२ | ४३.९२ |
| ८ | ३६५८५०३ | ७८,६९१,८६७७१ | ( | ( | ७८,६९१,८६७७१ | ४६,०९२,९३६।७३ | ५८.५७ |

यसरी आषाढ महिनामा बढी खर्च हुनुमा खरिद योजना विना निर्माण कार्य हुनु, समयमै योजना कार्यान्वयन नगर्नु नै मूख्य कारण रहेको पाईन्छ । यसरी वर्षान्तमा हतार हतार काम गर्दा कामको गुणस्तरमा कमी हुने तथा अनुगमन कार्य प्रभावकारी हुन नसक्ने सक्ने देखिन्छ । तसर्थ, आर्थिक वर्षको अन्त्यमा मात्र अधिकांश कार्यक्रम सञ्चालन गर्ने परम्परालाई नियन्त्रण गर्नुपर्दछ ।

४५ **सामाजिक सुरक्षा कार्यक्रम** : कुनै पनि भुक्तानीमा श्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । लेखापरीक्षण टोलीलाई पेश गरेको यस कार्यक्रम अर्न्तगतका श्रेस्तामध्ये लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम बढी निकासा हुने २ गाविसमा वितरीत भरपाई परिक्षण, संलग्न भरपाईको जोडजम्मा, गाउं विकास समितिबाट प्राप्त विवरणलाई नै पञ्जिकरण शाखाको लगत कायम गरिएकोमा उपलव्ध भएसम्म सोको भिडान र आन्तरीक लेखापरीक्षण प्रतिवेदनको समेत आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४५.१ **जनसंख्या प्रतिशत** – जिल्ला विकास समिति सुनसरीको वार्षिक जिल्ला विकास योजना (२०७०।७१) मा उल्लेखित २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ७ लाख ६३ हजार ४ सय ८३ मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरणअनुसार भत्ता पाउने व्यक्तिको संख्या ५४

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>४५.२</td><td></td><td>
हजार २ सय ५३  रहेको छ । जसअनुसार जिल्लाको कुल जनसंख्यामध्ये सामाजिक सुरक्षा प्राप्त गर्नेको संख्या ७.११ प्रतिशत हुन आएको छ । कार्यालयको अभिलेखअनुसार जिल्लाको कुल जनसंख्या र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण र प्रतिशत निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>संख्या</th><th>कुल जनसंख्या मध्येको प्रतिशत</th><th>सामाजिक सुरक्षा भत्ता पाउने मध्येको प्रतिशत</th></tr>
<tr><td>१</td><td>ज्येष्ठ नागरिक (अन्य)</td><td>१५३७७</td><td>२.०१</td><td>२८.३४</td></tr>
<tr><td>२</td><td>ज्येष्ठ नागरिक दलित</td><td>४०७७</td><td>०.५३</td><td>७.५१</td></tr>
<tr><td>३</td><td>एकल महिला (६० वर्ष माथि)</td><td>१५३७७</td><td>२.०१</td><td>२८.३४</td></tr>
<tr><td>४</td><td>एकल महिला (६० वर्ष मुनि)</td><td>९१६१</td><td>१.२०</td><td>१६.८९</td></tr>
<tr><td>५</td><td>पूर्ण अपाङ्ग</td><td>५५९</td><td>०.०७</td><td>१.०३</td></tr>
<tr><td>६</td><td>आंशिक अपाङ्ग</td><td>१५१</td><td>०.०२</td><td>०.२८</td></tr>
<tr><td>७</td><td>दलित बालबालिका</td><td>९५५१</td><td>१.२५</td><td>१७.६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४२५३</td><td>७.११</td><td>१००</td></tr>
</table>
सामाजिक सुरक्षा सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:<br>
(क) कार्यालयले विभिन्न गा.वि.स.लाई दिएको ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गहरुलाई वितरण गर्नुपर्ने रकम र बाल संरक्षण अनुदानतर्फको रकम छुट्टाछुट्टै देखिने गरी पेश्की अभिलेखमा राखी सोही अनुसार फछ्र्यौट गर्नुपर्नेमा त्यसो नगरी एकमुष्ठ पेश्की विवरण राखी फछ्र्यौट गरेको पाइयो । विगतका लेखापरीक्षण प्रतिवेदनले समेत यस किसिमको व्यहोरा औंल्याएको भएता पनि स्थिति यथावत रहेको छ ।<br>
(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ को बुंदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची–८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गाउं विकास समितिहरुले पेश गरेको विवरण बमोजिम नै निकासा दिने गरेकोले विवरण अद्यावधिक गरी मूल अभिलेख तयार गर्ने र लाभग्राहीको विवरण चुस्त दुरुस्त हुने गरी कार्यविधिले तोकेका अनुसूचीहरु तयार गरेको पाइएन । वितरण भएको भरपाई र गाविसले पठाएको विवरणमा समेत लाभग्राहीको तीनपुस्ते विवरण, जन्ममिति, उमेरको हद लगायतका अत्यावश्यक विवरणहरु अपूरो र अव्यवस्थित रहेको पाइयो ।<br>
निर्देशिकाले तोकेको ढांचामा अनुसूचीहरु अद्यावधिक गर्ने कार्यमा संलग्न निकाय, नियमनकारी निकाय र सो कार्य गर्ने जिम्मेवार पदाधिकारीको उक्त कार्यप्रतिको उदासिनता र तत्परताको अभावको कारणले सो अनुसूचीहरु अद्यावधिक गरेको नपाइएकोले भत्ता पाउने लाभग्राही व्यक्तिहरुको आधिकारिकता, संख्या र नामनामेसी भिडान गर्ने आधार देखिएन । यसरी भत्ता पाउने
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुंदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहेको देखिन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च नियन्त्रण गरी खर्च लेख्नेतर्फ कार्यालय र सम्बन्धित निकायले अग्रसरता देखाउनुपर्दछ । | | | |
| ४५.३ | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को बुदा नं १३ (६) घ मा प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भपाई, भुक्तानी गरेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने र बुँदा नं. १३ (६) च मा जिल्ला विकास समितिले रकम निकासा दिंदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बांकी रहेको रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । कार्यालयले प्रत्येक गाविसलाई पेश्कीस्वरुप प्रथम किस्ता निकासा दिएपछि सो को भरपाई र वितरण हुन नसकेको रकम दाखिला गरेपछि मात्र अर्को किस्ता भुक्तानी दिनुपर्नेमा फाँटवारी पेश नहुदै दोश्रो किस्ता समेत भुक्तानी दिने गरेको देखियो । नमूना छनौटमा परेका सिंगिया र बसन्तपुर गाविसमा समेत सोही अवस्था रहेको छ । समयमा फाटवारी प्राप्त नहुँदा पेश्की लामो समयसम्म रहने, लाभग्राहीले समयमै रकम प्राप्त नगर्ने, लाभ प्राप्त गर्ने वास्तविक लाभग्राहीले भत्ता प्राप्त नगर्दा लाभग्राहीमा सेवाप्रदायकप्रतिको धारण नकारात्मक हुने सम्भावना रहन्छ । अतः सामाजिक सुरक्षा वापत निकासा भएको रकम सम्बन्धित लक्षित समूहलाई समयमै वितरण गरी सो को विल भरपाई तोकिएको समयमै जिविसमा पेश गरी पेश्की फरफारक गरी कार्यविधिको पालना गर्ने तर्फ थप सजगता र क्रियाशिलता हुनु आवश्यक देखिएको छ । | | | |
| ४५.४ | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को बुदा नं.१३ (२) मा गाउँ विकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता बृत्ति/ अनुदान रकम परिचय पत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिकमा जेष्ठ १५ गते भुक्तानी दिनुपर्ने छ भनि उल्लेख भएकोछ । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्न समयमा निकासा नदिदाँ जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्कसंग बस्न सक्ने अवस्था देखिदैन । अतः कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता वितरण गरी लक्षित समुहलाई पूर्ण रुपमा आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ । | | | |
| ४५.५ | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्तिको संयोजकत्वमा सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नु पर्ने व्यवस्था छ । कार्यविधिको दफा २३ मा उक्त समन्वय समितिसँग समन्वय गरि जिल्ला विकास समितिको कार्यालयले भत्ता वितरण प्रक्रियाको निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था छ । कार्यविधिको उक्त व्यवस्था अनुसार समन्वय समिति गठन गरि कार्यालयले निरिक्षण र अनुगमन गरेको पाइएन । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यसबाट भत्ता वितरण लक्ष्य अनुसार भएको छ भन्न सक्ने आधार भएन । | | | |
| ४५.६ | | कार्यविधिको दफा ६ मा सामाजिक सुरक्षा भत्ता सुविधा उपभोग गर्ने सबै व्यक्तिको अनिवार्य रुपमा परिचयपत्र बनाउनु पर्ने र परिचयपत्र नबनाउने व्यक्ति लाई भत्ता वितरण गर्न नपाइने व्यवस्था छ । परिचयपत्र बनाउने व्यक्तिको परिचयपत्रमा परिचयपत्र नम्बर उल्लेख गरि सोहि नम्बरको आधारमा मुल अभिलेख तयार गर्ने र मुल अभिलेखकै आधारमा परिचयपत्र नम्बरको सिलसिलेवार नम्बर अनुसार वितरण भर्पाई तयार गरि भत्ता वितरण गर्नु पर्दछ । कार्यविधिको दफा १९ (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नाम नामेसि सम्वधित जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था भएकोमा कार्यालयले वितरण गरेको भरपाईको आधारमा मूल अभिलेख तयार नगरीकनै भत्ता वितरण गरेको पाइयो । भए गरेका अघिल्ला र पछिल्ला अभिलेखमा समेत विवरण, परिचयपत्र र नामनामेसी अद्यावधिक भएको पाइएन । कार्यालयको वेवसाइटमा पुरानो र असान्दर्भिक नामनामेसी राखेका कारण भत्ता प्राप्त गर्नेमा थप अन्यौलता सिर्जना गरेको पाइयो । साथै, कार्यविधिको दफा १३ (६) क मा प्रत्येक गाँउ विकास समितिमा मा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भ्रद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति लेखापरीक्षणको लागि र्भपाई सँग राख्नु पर्ने व्यवस्था छ । सो व्यवस्था बमोजिम लेखा परीक्षणको लागि पेश भएकोर्भपाई सँग मुचुल्का राख्ने गरेको भएतपनि उक्त मुचुल्कामा भत्ता वितरण गरेको व्यहोरा मात्र उल्लेख गरेको देखीयो कुन मितिमा कति जनालाई भत्ता वितरण गरेको हो सो नखुलाई समग्र रुपमा पेश्की पछ्र्यौट गर्ने प्रयोजनको लागि मात्र मुचुल्का तयार गरेको पाइयो ।<br><br>यसरी यर्थाथ पुष्टी नहुने गरि पेश्की पछ्र्यौट प्रयोजनका लागि मात्र मुचुल्का तयार गर्ने परिपाटीमा सुधार गरी कार्यविधिले तोकेबमोजिमको प्रक्रिया अपनाई अनिवार्य रुपमा भत्ता वितरण गरि प्रत्येक दिनको मुचुल्का तयार गर्नु पर्दछ । | | | |
| ४५.७ | | **योजना अनुसार परिक्षण** : कार्यालयले सेवाग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता निकाशा दिए तापनि गा.वि.स. सचिवबाट फाँटवारी पेश गर्दा वडा वाइज पेश नगरी एकमुष्ठ पेश गरेबाट योजना अनुसार वडा छनौट गरी परीक्षण गर्न सकिएन । कार्यालयले ३९ गा.वि.स. मध्ये २ गा.वि.स.को मात्र पेश्की फछ्र्यौट गरेको छ । सो अनुसार कार्यालयले फछ्यौट गरेको आ.व. ०७२/७३ को गो.भा.नं. १-०७२।६।७ अनुसारको सिंगिया र बसन्तपुर गा.वि.स.को पेश्की रू. ६८,३४,६००।- परीक्षण गरियो ।<br>सिंगिया गाविस छनौट गरी परीक्षण गर्दा सो गाविसका लाभग्राहीको विवरण कार्यालयसँग अद्यावधिक नभएको, वडा वाइज भरपाई नराखी एउटै ठाउँमा राखेबाट कुन वडामा कति खर्च भयो भिडान गर्न नसकिएको, वितरण भएको भरपाईमा परिचयपत्र भिडाउन सक्ने अवस्था नरहेको, डिजिटल कपीमा उपलब्ध विवरणलाई अध्ययन र विश्लेषण गर्दा एकै वडामा एकै नाम एकै जन्म मिति तथा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नागरीकता नं. भएका व्यक्तिहरुको संख्या १५ भन्दा अधिक भएको तथा वितरित भरपाईमा समेत जन्म मिति तथा नागरीकता नं. उल्लेख नभएको र परचियपत्र नं. समेत उललेख नभएका २० भन्दा अधिक संख्या भएको कारण सो गाविसबाट वितरित सामाजिक सुरक्षा भत्ता वास्तविक लाभग्राहीले प्राप्त गरे र पेश भएको संख्या र भरपाई यथार्थ, विश्वसनीय र भरपर्दो छ भन्ने अवस्था नरहेकोले उक्त गाविसको सामाजिक सुरक्षा भत्ता वितरणका सम्बन्धमा कार्यालयले विस्तृत छानविन गर्नुपर्ने देखिएको रु | ५६,२०,२००.०० | | |
| ४६ | | **लक्ष्य प्रगति सम्बन्धमा –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले स्वीकृत कार्यक्रम अनुसार प्रगति हासिल गर्नुपर्ने उल्लेख छ । कार्यालयले निर्धारण गरेका लक्षित कार्यक्रमहरु सो अनुसार तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त प्रगती विवरण अनुसार अधिकांश पूँजीगत कार्यक्रमको प्रगति प्रतिशत ९७ प्रतिशत भन्दा बढी भएको उल्लेख छ। तर निम्न कार्यक्रममा प्रगति सो भन्दा कम रहेको पाइयो । कम प्रगति हुनुको कारण स्पष्ट हुन आएन । कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहनुमा कार्यान्वयन प्रक्रिया ढिलो हुनुनै प्रमुख कारण रहेको छ। यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नेतर्फ कार्यालय थप सक्रिय हुनुपर्दछ।<br><br>ब.शि.नं. / वजेट / लक्ष्य / खर्च / प्रगति<br>३६५८३१४ / १०,०००,०००।०० / १००% / ७,२९२,८१०।२४ / ७३.२७%<br>३६५१०४३ / १२,९६,६१६।०० / १००% / १०,५४,०००।०० / ८१.३५%<br><br>उपशिर्षकगत रूपमा उपरोक्त २ कार्यक्रममा मात्र न्यून प्रगति भएको देखिन्छ । उप कार्यक्रममा निर्वाचन क्षेत्र तर्फ २ मा २५% भन्दा कम र झोलुङ्गे पुलका ३, निर्वाचन क्षेत्रका ५, जि.वि.स. अनुदानका २ र सडक पुलको १ समेत ११ साना कार्यक्रमको प्रगति ७५% भन्दा कम भएको विवरण प्राप्त भएको छ । लक्ष्य अनुसार कार्य सम्पन्न गर्नुपर्दछ । | | | |
| ४६ | | **तलवी प्रतिवेदन** : निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) २ अनुसार स्थानीय निकायमा कार्यरत निजामती कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (२) मा स्थानीय निकाय ले आफ्नो कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन सम्बन्धित परिषद्बाट पारित गराउनु पर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (ञ) अनुसार स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन आन्तरिक लेखापरिक्षण शाखाले तयार गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले निजामती जिविस तर्फका कर्मचारी तथा गाविस सचिवहरुलाई तलवी प्रतिवेदन पारित नगराएरै वार्षिक रु. १,८६,६४,५५५।०० र प्रशासन अनुदान र कोषतर्फका कर्मचारीको तलबी प्रतिवेदन आ.व. ०७१।७२ का लागि परिषदको किताबमा (स्थानीय निकाय आर्थिक प्रशासन | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नियमावलीको अनुसूची ३७ बमोजिम नरहेको) समावेश गरी वार्षिक रु. १,५२,०७,३०९।०० खर्च लेखेको छ । निजामती सेवा तर्फका कर्मचारीको प्रतिवेदन पारित नगरी खर्च लेख्नु नियम संगत देखिएन । | | | |
| ४७ | | **करारमा नियुक्ति** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१६ को उपनियम ६ मा स्वीकृत दरवन्दीमा वाहेक कुनैपनि पदमा अस्थायी, ज्यालादारी वा अन्य कुनै प्रकारबाट नियुक्त गर्न नहुने र नियम २१७ को उपनियम १ (क) मा विशेष योग्यता भएका व्यक्ति आवश्यक भएमा त्यसको कारण खुलाई खुल्ला प्रतियोगिताद्वारा खास अवधिको लागि करारमा नियुक्त गर्नसक्ने व्यवस्था छ ।<br>कार्यालयले जिल्ला स्वास्थ्य कार्यालय सुनसरीबाट तलव भत्ता खाई जि.वि.स.मा रही एच.आई.भी./एड्स, स्वास्थ्य र शिक्षा सम्बन्धी काम गर्नु भएका स्वास्थ्य अधिकृत श्री कुमार निरौलालाई सो कार्यालयको सचिवालय जि.वि.स.मै रहेको यहीं बसी काम गर्नु भएको भनि आ.व. ०७०/७१ को २२औं जिल्ला परिषद्को निर्णय नं. २५ बाट नियममा भएको व्यवस्थाको प्रक्रिया नपुर्याई सिधै करारमा राखी रू. ३१७,२००।- तलव भत्ता खर्च लेखेको छ । यसरी नियमलाई ख्याल नगरी परिषद्बाट निर्णय गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । | | | |
| ४८ | | **निर्माण कार्यमा प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । यसैगरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आव्हान गरेका विभिन्न शिलवन्दी दरभाउ पत्र मध्ये निम्न केही दरभाउ पत्र विक्री र दाखिलाको अवस्था निम्नानुसार रहेको देखियो : | | | |

| क.सं | कार्यक्रमको नाम | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र कायम संख्या | लागत अनुमान (भ्याट सहित) | स्वीकृत रकम (भ्याट सहित) | लागतको तुलनामा घटी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ठुलेमोहर सस्पेन्सन वृज फेव्रिकेशन | ३ | ३ | १ | १९,८०,८९९।४९ | १९,५४,३०२।१२ | ०.४८% | २ ले बैंक ग्यारेन्टी पेश नगरेको |
| २ | वविया स्टील ट्रस वृज | ३ | ३ | १ | ११,३०,४३९।७१ | ११,३०,१७०।३८ | ०.०२% | ,, |
| ३ | भवानीपुर बाटो निर्माण | ३ | ३ | १ | ५,६१,१६९।९३ | ५,६०,०६८।- | ०.२०% | ,, |
| ४ | सुन्दरमार्ग तरहरा रोड | ३ | ३ | १ | ५,६१,२४२।९९ | ५,५७,२५९।६१ | ०.७१% | |
| ५ | मुढाखोला /एप्रोच रोड | ४ | ४ | १ | ८,५०,७३०।९२ | ८,४९,४०६।८८ | ०.१६% | ३ ले बैंक ग्यारेन्टी पेश नगरेको |
| ६ | | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उक्त ठेक्काहरूमा लागत अनुमान र स्वीकृत ठेक अंक वीच तुलना गर्दा लागत अनुमानको तुलनामा ५ प्रतिशत भन्दा पनी कम अंकमा ठेक्का स्वीकृत भएको देखिन्छ । यसबाट पनि वित्तिय प्रस्ताव वीच पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भनी यकिन हुने आधार देखिएन । अतः कानूनले तोकेको व्यवस्था अनुसार बोलपत्रदाता वीच प्रर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | बोलपत्रदाताहरूको विचमा मिलेमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गरी खरिद प्रक्रिया सञ्चालन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| ४९ | | **आन्तरिक नियन्त्रण प्रणाली मूल्यांकन –** कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । जसलाई आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकनका लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार २४ वटा बुँदा मध्ये निम्नानुसार व्यहोरा रहेका छन् : | | | |

| क.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वार्षिक खरिद योजना तथा खरिद इकाई बनाएको | खरिद गर्ने सामानको खरिद योजना बनाएतापनि निर्धारित ढाँचामा नहुनुका साथै स्पेसिफिकेशन नखुलेको तथा अपूर्ण रहेको साथै वार्षिक १० करोडभन्दा बढी हुने निर्माण कामको खरिद योजना नबनाएको र खरिद इकाई समेत देखिएन |
| २ | मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको | अन्यत्रबाट हस्तान्तरण भै आएका साथै अन्य सामानहरुको मूल्य नखुलेको |
| ३ | चल्ती मेसिन र सवारीसाधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राखेको | नरहेको साथै मर्मत सम्बन्धी खर्चको विवरण समेत अद्यावधिक र व्यवस्थित नरहेको । |
| ४ | सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गरेको | मातहत कार्यालयहरुको समय समयमा निरीक्षण हुने गरेको भएतापनि व्यवस्थित प्रतिवेदन र अभिलेखको व्यवस्था नरहनुका साथै यदाकदा निरीक्षणको क्रममा दिइएका निर्देशनहरुको परिपालना गराउने तर्फ पहल गरेको पाइएन |
| ५ | कार्यालयको निरीक्षण पुस्तिकामा उल्लिखित व्यहोराको कारबाही गरेको | छैन |
| ६ | समयमा नै पेश्की फछ्र्यौट हुने गरेको | समयमा पेश्की फर्छ्यौट नभई गत विगतका पेश्कीको मात्रा अधिक रहेको छ । |
| ७ | कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरेको | छैन |
| ८ | पहिचान भएका जोखिम निराकरणको प्रयास | छैन |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table><tr><td></td><td>गरेको</td><td></td></tr><tr><td>९</td><td>वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकाय पठाएको</td><td>लक्ष्य प्रगतिलाई नै वार्षिक प्रतिवेदनका रुपमा उपयोग गर्ने गरेको । वार्षिक कार्य सम्पादन प्रतिवेदन अनुसूची २११ को ढाँचामा तयार गरी तालुक कार्यालय पठाउने गरेको देखिएन ।</td></tr></table><br>कार्यालयले आफ्नो आन्तरी नियन्त्रण व्यस्थालाई चुस्त राख्नका लागी पर्याप्त ध्यान नदिएको कारण यस्तो अवस्था सिर्जना भएको हो । यसबाट कार्यालयको आन्तरीक नियन्त्रण वातावरण व्यवस्थित र प्रणालीवद्ध नहुने तथा कार्यालयको कार्य वातावरण अव्यवस्थित हुन जान्छ । अत : कार्यालयले उपरोक्तानुसार कैफियत देखिएका विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५०</td><td></td><td>उपभोक्ता समिति परिचालन- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (२) मा उपभोक्ता समितिद्वारा काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने,  उपनियम (३) मा उपभोक्ता समितिले प्रस्ताव पेश गर्दा लाभग्राही परिवारको सूची, योजनाको आवश्यकता र योजना संचालनमा दिनसक्ने योगदानको विवरण सहितको माइन्युट पेश गर्नुपर्ने, उपनियम ५(झ) मा बढी जटिल प्राविधिक पक्षसमेत समावेश भएको र मेशीनरी बढी प्रयोग हुने काम बाहेक श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने तर कारण खोली स्थानीय निकायले निर्णय गरेमा विशेष अनुगमनको व्यवस्था मिलाई गर्नुपर्ने र उपनियम ५(ज) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यो जिल्ला विकास समितिले उपभोक्ता मार्फत कार्य गराउँदा उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गरेको पाइएन । उपभोक्ता समितिबाट प्रस्ताव लिने र प्रस्तावमा खुलाउनुपर्ने विषयहरु खुलाउने नगरेको , सडक निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश भएको निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । सडक निर्माण समेतको कार्य उपभोक्ता समिति मार्फत गराउनुको प्रमुख कारणमा उपभोक्ता समितिको माग भएका कारण देखिन्छ । जटिल प्राविधिक पक्ष समावेश भएका मेशीनरी बढी प्रयोग हुने सडक उपभोक्ता समिति मार्फत गराउँदा लागत, श्रम समय र गुणस्तरमा असर पर्ने देखिन्छ । नियममा व्यवस्था भएअनुसार उपभोक्ता समिति मार्फत कार्य गराउँदा विषयगत रुपमा वर्गिकरण र सूचिकृत गरी उपभोक्तासँग प्रस्ताव लिई प्रस्तावमा खुलाउनुपर्ने विषयहरु खुलाई बढी जटिल कार्य गराउंदा विशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समितिसंग संयुक्त व्यवस्थापनमा गर्ने गरेको देखिएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५१</td><td></td><td>उपभोक्ता समितिले अग्रीम आय कर कट्टी नगरेको : आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ मा कर योग्य भुक्तानीमा वहाल कर तथा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | संचालित योजनाको सम्वन्धमा उपभोक्ता समितिवाट कार्यालयमा पेश भएको प्राविधिक मुल्यांनकनको आधारमा भुक्तानी हुने गरेको छ। कार्यालयले भुक्तानी दिँदा निर्माण सामग्रीको खरिद मुल्यमा अग्रिम कर कट्टि गरेको छैन। उपभोक्ता समिति मार्फत हुने कामको भूक्तानीमा करकट्टी गर्ने प्रचलन नहुँदा बास्तविक भुक्तानी पाउने व्यक्ति वा करदाताले गरेको आम्दानीको आय विवरण तथा आयकर छुट हुन जान्छ। कार्यालयद्धारा सम्झौता गरी चालु रहेका तथा आगामी सम्झौता हुने यस्ता योजनाहरुमा खपत हुने सामान तथा भाडामा लिई प्रयोग हुने मेशिन तथा उपकरणमा दर विश्लेषण वमोजिम हुने रकममा वहाल कर एवं अग्रिम कर कट्टी र दाखिला हुने व्यवस्था तर्फ कार्यालय तथा सम्वन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ। | | | |
| ५२ | | **उपभोक्ता समितिबाट कार्य सम्पन्न प्रतिवेदन प्रमाणित नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(घ) मा उपभोक्ताले गरेको कामको नापी किताव र कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तीम किस्ता भुक्तानी दिने र ६ महिना भित्र त्रुटी देखिएमा उपभोक्ता समितिले नै त्रुटी सच्याउनु पर्ने व्यवस्था छ। लेखापरीक्षणमा प्रस्तुत् उपभोक्ता समितिबाट भएका कामको कार्य सम्पन्न प्रतिवेदनहरू मध्ये आंशिकमा मात्र उपभोक्ताको सही भएको र अन्यमा प्राविधिक कार्यालयबाट मात्र प्रमाणित भएको छ। उपभोक्ताको सही र मिति नहुँदा उपभोक्ता काम प्रति जिम्मेवारी नहुन सक्ने, सार्वजनिक परिक्षण नगराउन सक्ने तथा त्रुटी देखिएमा मितिको अभावमा सच्याउन आलटाल गर्न सक्ने हुन सक्दछ। तसर्थ कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिको अध्यक्षबाट प्रमाणित गराउनु पर्दछ। कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ताको प्रमाणित नभई कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भई कार्य सम्पन्न भएको केही उदाहरण यस प्रकार छन् : | | | |

| कार्यक्रम | भौ.नं./मिति | कामको विवरण | लागत रकम | जनसहभागिता समेत कार्यसम्पन्न रकम |
|---|---|---|---|---|
| झोलुङ्गे पुल | | १. ३२ मी. तालतलैया झो.पु.नि.उ.स.<br>२. नरभषा झो.पु. | ६,७३,१९९।७७<br>४,०९,९१३।५५ | ६,७३,१७७।७७<br>४,०६,८६१।६१ |
| संस्कृति पर्यटन | | १. मानव धर्म सेवा उ.स.इटहरी<br>२. श्री रामानन्द सेवापिठ उ.स.चतरा | ३,४६,४६८।७५<br>४५,३४,२५९।१२ | ३,४९,६९४।९१<br>४५,७१,९७७।०९ |
| जि वि स अनुदान रकमान्तरण | १४९-२०७२/३/२५ | सडक निर्माण उ. स. बसन्तपुर ५ | ६२५०००।०० | २५७०२६।०५ |
| जि वि स अनुदान रकमान्तरण | १५७-२०७२/३/२५ | कविरथटोल सडक जाने बाटोमा माटोपुरी ग्राभेल गर्ने | ५२६८३४।४६ | २२६४०३।०३ |
| जि वि स अनुदान रकमान्तरण | १६०-२०७२/३/२५ | बाटो उपभोक्ता समिति भोक्राहा ७ | ३७४९८५।७६ | २०८५८८।५१ |
| जि वि स अनुदान रकमान्तरण | १६१-२०७२/३/२५ | सर्दु खोला तटबन्ध निर्माण उ.स. | ५६११५१।१६ | ३३७२४१।२० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>५३</td><td></td><td>

**अमानतबाट निर्माण कार्य :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले अमानतमा कार्यगर्न सक्ने व्यवस्था गरेको छैन । सार्वजनिक खरिद नियमावली २०६४ ले रु.१,००,०००।- सम्म लागत अनुमान भएको कार्यमात्र अमानतबाट गराउन सकिने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा १ तह माथीको स्वीकृति लिनुपर्ने, निर्माण सामाग्री सार्वजनिक खरिद ऐन र नियम वमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न काम ठेक्का पट्टा नलगाई मिति २०७२/३/२५ को निर्णयले कार्यालयका कर्मचारी बाटै अमानतबाट कार्य गराई सोको मूल्याङ्कन तथा कार्यसम्पादनको आधारमा निम्नानुसार खर्च लेखेको छ । नियमावलीको व्यवस्था विपरित अमानतबाट निर्माण कार्य गराई खर्च लेखेका रु.

<table>
<tr><th>सि.नं</th><th>गो.भौ.न./मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालयले गरेको भुक्तानी</th></tr>
<tr><td>१</td><td>२१।२०७१।५।२९ लगायत विभिन्न मिति</td><td>कार्यालय परिसर भित्र ल्यावका लागि भवन निर्माण कार्य</td><td>१०७६१६४।७१</td><td>११,४५,४४८।७१</td></tr>
</table>

</td><td>११,४५,४४८।७१</td><td></td><td></td></tr>
<tr><td>५४</td><td></td><td>

**ठेक्का पट्टामा ढिलाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा ठेक्का पट्टाको कार्य प्रथम चौमासिक भित्र सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । सोही अनुसार संघीय मामिला तथा स्थानीय मन्त्रालयको च.नं. ४७ मिति २०७०।४।२ को खर्च गर्दा पालना गर्नुपर्ने शर्तमा समेत ठेक्का पट्टा गर्ने कार्य २०७०।८।३० भित्र गरीसक्नुपर्ने उल्लेख गरी पठाएको पाईयो । कार्यालयले यो वर्ष वोलपत्र आह्वान गरी ठेक्का पट्टा गरेको फाईल परीक्षण गर्दा ठेक्का पट्टाको कार्य मंसीर मसान्त भित्र सम्पन्न नगरी तेश्रो चौमासिकमा मात्र सम्पन्न गरेको देखिन्छ । ठेक्का पट्टा कार्य तोकिएको समय भित्र सम्पन्न गर्न नसक्दा निर्माण कार्य अधुरो रहने, विनियोजित बजेट खर्च नहुने, अर्को वर्ष बजेट निकासा नहुने, मूल्य अभिवृद्धि समेत दिनु पर्ने जस्ता अवस्था आउन सक्ने देखिन्छ । अत: शर्तमा उल्लेख भए अनुसार समयमै ठेक्का पट्टा गर्ने गर्नु पर्दछ । ढीला गरी ठेक्का पट्टा भएको उदाहरण यस प्रकार छन् :

<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>ठेक्का सम्झौता मिति</th><th>मू.अ.कर समेत ठेक्का रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सेरा खोला पक्की पुल निर्माण थप कार्य</td><td>२०७१।३।२५</td><td>९६,१६,१७६।८३</td><td>गतको ठेक्का</td></tr>
<tr><td>२</td><td>ठुले मोहर सस्पेन्सन वृज फेव्रिकेशन खरिद</td><td>२०७२।३।२५</td><td>१९,५४,३०२।१२</td><td>यस वर्षको</td></tr>
<tr><td>३</td><td>वविया स्टील वृज फेव्रिकेशन खरिद</td><td>,,</td><td>११,३०,१७०।३८</td><td>,,</td></tr>
</table>

</td><td></td><td></td><td></td></tr>
<tr><td>५५</td><td></td><td>

**स्थायी लेखा नम्वर र मू.अ.कर दर्ता प्रमाण पत्र नभएकासँग कारोवार :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७१ मा स्थानीय निकायले खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस

</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>वर्ष मू.अ.कर दर्ता नभएका निम्न पार्टीबाट निम्नानुसार खरिद गरेको अनियमित देखिएको रू.
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>गो.भौ.नं.मिति</th><th>पार्टीको नाम</th><th>सामान विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>३६५१०८३</td><td>८-०७२।२।४</td><td>सहिदा ट्रेडर्स सुनसरी</td><td>शैक्षिकसामाग्री</td><td>३७,२५०।००</td><td></td></tr>
<tr><td>,,</td><td>,,</td><td>,,</td><td>,,</td><td>२५,३००।००</td><td></td></tr>
<tr><td>३४९८०१३</td><td>१३-०७२।३।२४</td><td>रूद्र फर्निसिङ्ग हाउस</td><td>फर्निचर</td><td>१३,०००।००</td><td>३ विल वनाई</td></tr>
<tr><td>,,</td><td>२६-०७२।३।२५</td><td>सलमान स्टील फर्निचर</td><td>,,</td><td>११,०००।००</td><td></td></tr>
<tr><td>,,</td><td>२८-०७२।३।२५</td><td>सिता सप्लाई सुनसरी</td><td>,,</td><td>९६५०।००</td><td>२ थान विल</td></tr>
<tr><td>,,</td><td>२९-०७२।३।२५</td><td>प्रकाश स्टील फर्निचर</td><td>,,</td><td>१०,०००।००</td><td>,,</td></tr>
<tr><td>,,</td><td>३३-०७२।३।२५</td><td>सलमान स्टील फर्निचर</td><td>,,</td><td>११,०००।००</td><td></td></tr>
<tr><td>वातावरण</td><td>५-०७१।५।५</td><td>मोडल हार्डवेयर ट्रेडर्स</td><td>ट्युववेल</td><td>१२०,०००।००</td><td></td></tr>
<tr><td>कोष चालु</td><td>३६२-०७२।२।२९</td><td>कोर्टियर कुरियर सर्भिस प्रा.ली.</td><td>कुरियर सर्भिस</td><td>३००००।००</td><td></td></tr>
<tr><td>जि वि स अनुदान</td><td>८८-०७२।१।०८</td><td>जनदवी सप्लायर्स विराटनगर</td><td>अपाङ्ग कुर्सी खरिद</td><td>१५००००।००</td><td></td></tr>
<tr><td>निर्वाचन क्षेत्र</td><td>४११-०७२।३।२५</td><td>प्रतिक्षण दैनिक</td><td>सूचना प्रकाशन</td><td>१२९३०।००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४३०,१३०।००</td><td></td></tr>
</table>
नियमावली अनुसार दर्ता नभएको व्यक्तिसँग खरिद गर्दा आयकर तथा मू.अ.कर छली हुने हुँदा ठेक्का व्यवस्था गर्दा दर्तावालासँग मात्र गर्नु पर्दछ ।</td><td>४३०,१३०।-</td><td></td><td></td></tr>
<tr><td>५७</td><td></td><td><u>ब.उ.शि.नं. ३६५८०४३/४४ ग्रामीण खानेपानी चालु/पूँजीगत</u><br>पाइप उपयोगको कार्य सम्पन्न प्रमाण पेश हुनुपर्ने : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(घ) मा उपभोक्ताले गरेको कामको नापी किताव र कार्य सम्पन्न पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न आयोजनाका उपभोक्ता समितिलाई निम्नानुसार पाइप खरिद गरी सिधै भुक्तानी दिएकोमा उक्त पाइप आयोजना उपभोक्ताले प्रयोग गरी कार्य सम्पन्न गरेको प्रमाण पेश गरेको छैन । नापी किताव र कार्य सम्पन्न पेश नहुन्दा उक्त पाइप सम्बन्धित काममा प्रयोग भएको छ भन्न सक्ने आधार भएन । अतः उक्त प्रमाण पेश गरी नियमित हुनुपर्ने रू.
<table>
<tr><th>भौ.नं./मिति</th><th>खानेपानी योजना</th><th>पाइप</th><th>रकम</th></tr>
<tr><td>६-२०७२।२।२७</td><td>१. माङ्खोला (साविक विष्णुपादुका)</td><td>१. २० एम.एम. २००० मी.<br>२. ६३ एम.एम. ३९५ मी.</td><td>१,७०,५५९।३८</td></tr>
<tr><td></td><td>२. निशान डाँडा खा.पा.यो.</td><td>१. ५० एम.एम. ६०० मी.</td><td>१,६९,७५९।९०</td></tr>
</table></td><td>३,४०,३१९।२८</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | २. ५२ एम.एम. १२२० मी. | | | |
| | | जम्मा ३,४०,३१९।२८ | | | |
| ५६ | | **आर्थिक विवरण र बैंक नगदी कितावको खर्चमा फरक :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६(३) अनुसार खर्च गर्दा आवश्यक विल राख्नु पर्दछ । लेखापरीक्षणमा प्रस्तुत् ब.उ.शि.नं. ३६५८०४३ र ३६५८०४४ को आर्थिक विवरण अनुसार जम्मा रू. २४,९२,०००।- खर्च देखिएकोमा श्रेस्ता, बैंक नगदी किताव अनुसार रू. २४,४१,९२०।- को मात्र श्रेस्ता एवं खर्चको फाँटवारी पेश भएको हुँदा फाँटवारी भन्दा रू. ५०,०८०।- बढी खर्च लेखेको देखियो । बढी खर्च लेखेको रकम वेरूजु दाखिला गर्नुपर्ने | ५०,०८०।- | | |
| ५७ | | **फ्रिज सम्बन्धमा :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३(क) मा फ्रिज नहुने वजेट शिर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकि दिने व्यवस्था छ । त्यसरी फ्रिज नहुने भनी तोकेको उपशिर्षकहरुको हकमा वाहेक साल तमाम हुनुभन्दा कम्तीमा साल दिन अगाडी नै सम्वन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्नेछ । कार्यालयले गा. वि.स. अनुदान अन्तर्गत विभिन्न गा.वि.स. लाई निकासा दिई बांकी रहेको रकम रु ७५००।०० फ्रिज गर्नु पर्नेमा जल्पापुर गा.वि.स.मा पुनः निकासा दिएको पाइयो । यसरी फ्रिज गर्नु पर्ने शीर्षकको रकमलाई पुनः निकासा खर्च गर्दा संचित कोषको रकम न्युन हुन जान्छ । तसर्थ उक्त खर्च गरेको रकम संचित कोष दाखिला गर्नु पर्ने रु. | ७५००।०० | | |
| ६० | | **कार्यक्रम छनौट र सञ्चालनः** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम (१ख) यस नियमबमोजिम कार्यक्रम छनौट गर्दा कम्तीमा पचास प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्ने गरी छनौट गर्नु पर्ने र सोही नियमको (१ग) यस नियमावली बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढिमा सात वटासम्म कार्यक्रम छनौट गर्न सकिने व्यवस्था छ ।<br>साथै, नियम ८ (१) मा कार्यक्रमको कुल रकमको ५ प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सकिने र नियम ८क मा संविधानसभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनु पर्ने र कार्यक्रमको अनुगमन गरी सो विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ ।<br>नियमावलीबमोजिम संविधानसभा सदस्यले छनौट गरी सञ्चालन गरेका कार्यक्रममा निम्नानुसार गरेको पाइयो । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| सि.नं. | सभासदको नाम | योजना संख्या | प्रशासनिक खर्च | लागत | गैह्र भौतिक पूर्वाधारमा लगानी | भौतिक पूर्वाधारमा लगानी | भौतिक पूर्वाधारमा लगानी प्रतिशत | अनुगमन को अवस्था | अनुसूची १ बमोजिमको कार्यान्वयन तालिका |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री विजय कुमार गच्छदार | १२ | ५०,०००।- | १४५०००० | ० | १४५०००० | ९६.६७ | नभएको | पेश नगरेको |
| २. | श्री उपेन्द्र यादव | ७ | ५०,०००।- | १४५०००० | ० | १४५०००० | ९६.६७ | नभएको | पेश नगरेको |
| ३. | श्री राम कुमार सुव्वा | १२ | ५०,०००।- | १४५०००० | ० | १४५०००० | ९६.६७ | नभएको | पेश नगरेको |
| ४. | श्री कल्पना चौधरी (बस्नेत) | ८ | ५०,०००।- | १४५०००० | ० | १४५०००० | ९६.६७ | भएको | पेश नगरेको |
| ५. | श्री सुमित्रा थरुनी | ७ | ५०,०००।- | १४५०००० | ० | १४५०००० | ९६.६७ | भएको | पेश नगरेको |
| ६. | श्री रेवती रमण भण्डारी | १२ | ५०,०००।- | १४५०००० | ३००००० | ११५०००० | ७६.६७ | भएको | पेश नगरेको |
| ७. | श्री जाकिर हुसैन | १२ | ५०,०००।- | १४५०००० | ४२५००० | ९२५००० | ६१.६७ | भएको | पेश नगरेको |
| ८. | श्री सिताराम मेहता | ७ | ५०,०००।- | १४५०००० | ५०००० | १४००००० | ९३.३३ | नभएको | पेश नगरेको |
| ९. | श्री अनिता परियार | ८ | ५०,०००।- | १४५०००० | ५००००० | ९५०००० | ६३.३३ | भएको | पेश नगरेको |
| १० | श्री सूर्यदेव दास उराव | १० | ५०,०००।- | १४५०००० | ४००००० | १०५०००० | ७०.०० | भएको | पेश नगरेको |
| ११. | श्री कृष्ण कुमार राई | १२ | ५०,०००।- | १४५०००० | ५४५००० | ९०५००० | ६०.३३ | नभएको | पेश नगरेको |
| १२. | श्री भिम आचार्य | ९ | ५०,०००।- | १४५०००० | ७००००० | ७५०००० | ५०.०० | भएको | पेश नगरेको |
| १३. | मीन बहादुर विश्वकर्मा | ८ | ५०,०००।- | १४५०००० | ७००००० | ७५०००० | ५०.०० | भएको | पेश नगरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नियमावली वमोजिम तोकिएको संख्या भन्दा बढी योजना संचालन हुनु, अनुगमन र कार्यन्वयन तालिका सम्बन्धि व्यवस्थाको अनुसरण नहुनुमा सभासदहरुलाई अत्याधिक योजनामा रकम माग भै आउने र सभासद स्वयंले सबै पक्षलाई समेट्ने मनसाय राखेका कारण यस्तो भएको हो । यसबाट टुक्रे योजनाहरु संचालन हुन जाने, अनुगमन नहुँदा कार्यक्रम वास्तविक रुपमा संचालन नहुन सक्ने तथा कार्यान्वयनपक्ष कमजोर हुने हुन्छ । अतः नियमावलीका व्यवस्थालाई पलना गर्ने गराउने तर्फ सम्बन्धित पक्षहरु सजग हुनु पर्दछ । | | | |
| ६१ | | **कर विजक :** मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखी बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । यस जिल्ला विकास समितिले निम्नानुसार कैफियत देखिएका कर विजकबाट मुल्य अभिवृद्धी कर भुक्तानी दिएको पाइएकोले उक्त मु.अ.कर भुक्तानीका सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर समायोजन विवरण पेश गर्ने अन्यथा सम्वन्धीत निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिएको रु. | १२२,६१४।०३ | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>वजेट<br>शिर्षक/कार्यक्रम</th><th>भुक्तानी पाउने<br>व्यक्ति/फर्म</th><th>मु.अ.कर रु.</th><th>कैफियत</th></tr>
<tr><td>४२०-२०७२/३/१६</td><td>निर्वाचन क्षेत्र कार्यक्रम</td><td>सयपत्री निर्माण सेवा</td><td>३३८३५.१०</td><td>मिति उल्लेख नगरेको कर विजक संलग्न गरि भुत्तानी लिएको</td></tr>
<tr><td>४२०-२०७२/३/१६</td><td>निर्वाचन क्षेत्र कार्यक्रम</td><td>सयपत्री निर्माण सेवा</td><td>२४२५६.७९</td><td>मिति २०७२।४।१६ को कर विजक संलग्न गरि भुत्तानी लिएको</td></tr>
<tr><td>१३-२०७२।३।२५</td><td>२जिल्ला जोड्ने सडक</td><td>इशारा निर्माण सेवा</td><td>६४,५२२।१४</td><td>विजकमा कर विजक उल्लेख नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२२,६१४.०३</td><td></td></tr>
</table>
कार्यालयले कर विजकबाट मू.अ.करको भुक्तानी दिँदा कर विजक निर्धारित ढाँचामा भए नभएको केरमेट भए नभएको परीक्षण नगरी भुक्तानी दिँदा यस्तो भएको देखिन्छ । जसले गर्दा राज्य कोषमा जानुपर्ने संकलित मूल्य अभिवृद्धि कर छली हुने सम्भावना रहन्छ । तसर्थ नियमावलीले निर्दिष्ट गरेको ढाँचामा प्राप्त भएको विजकबाट मात्र मू.अ.कर भुक्तानी दिने कार्यमा कार्यालय सचेत हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६२</td><td></td><td>जफत : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ मा निर्माण व्यवसायीले सम्झौता अनुसारको कार्य नगरेमा निजको नाममा रहेको धरौटी जफत गरी कालो सूचीमा राख्न सक्नेसम्म व्यवस्था छ । कार्यालयले निर्वाचन क्षेत्र कार्यक्रम अन्तर्गत नरसिंह ३ र ५ हनुमानी चोक पश्चिम सार्दुल खोला नहरको स्लाव कल्भर्ट र रोड निर्माण कार्य २०७२ जेष्ठ २७ सम्म सम्पन्न गर्ने गरी शम्सेर निर्माण ववया १ सुनसरीसँग रू. १०,४८,७५८।४५ (३६% घटी) मा सम्झौता गरेकोमा मिति २०७२।२।१३ मा निर्माण स्थलमा पानी जमेको कारण देखाई कार्य गर्न नसक्ने भनि कार्यालयमा निवेदन दिएको देखियो । तत्पश्चात् उक्त कार्य गर्न कार्यालयले निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा उक्त बाँकी काम सम्पन्न गरेको देखिएन । यसरी सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीको कार्य सम्पादन वापत राखेको धरौटी रू. ५९,५००।- र प्रथम रनिङ्ग विल भुक्तानीमा कट्टी भएको ५% धरौटी रू. १५,१५५।४५ समेत जम्मा रू. ७४,६५५।०५ जफत गरी आवश्यक कार्यवाही गर्नुपर्ने देखिएको रू.</td><td>७४,६५५।०५</td><td></td><td></td></tr>
<tr><td>६३</td><td></td><td>बढी भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याई सहित गर्नुपर्ने भुक्तानी व्यवस्था छ । कुनैपनि सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रही निर्धारित ढाँचामा बिलबिजक प्राप्त गरेर मात्र गर्नुपर्दछ । कार्यालयले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत सञ्चालित अमडुवा अमबहिवेला मिलन चोक हुदै चिमडी जोडने सडक निर्माण समिति अमडुवालाई सडक निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा उल्लेख भएको भन्दा रु ९२४०८।६८ बढी भुक्तानी दिएको पाइयो ।<br>कार्यालयले सम्झौताको शर्तको पालनामा कार्यालयले उचित ध्यान नपुऱ्याएको कारण बढी भुक्तानी</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | भएको देखिन्छ । जसले गर्दा योजनाको लागत बढ्नुको साथै रकमको दुरुपयोग समेत हुनजाने देखिन्छ । तसर्थ, बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने देखिएको रु. | ९२४०५।६८ | | |

| कार्यक्रम | उपभोक्ता समिति | मूल्याङ्कित विल रकम | उपभोक्ताको योगदान | कार्यालयले गरेको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | अमडुवा अमाहिवेला मिलन चोक हुदै चिमडी जोडने सडक निर्माण समिति अमडुवालाई सडक निर्माण कार्य | २५९२८३९.७८ | ५१८२४५.४६ | २१६७०००.०० | ९२४०५.६८ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ६४ | | **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्यक्रमबाट भुक्तानी खर्च लेख्दा तथा पेश्की फछ्र्यौट गर्दा खर्चको पर्याप्त पुष्ट्याइ सहितका आवश्यक बिल भरपाई संलग्न गरेको देखिएन । | | | |

| भौ.नं. र मिति | कार्यक्रमको नाम | विवरण | भुक्तानी लिने व्यक्ति/फर्म संस्था | विल भर्पाई वेगर गरेको खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|
| ९-२०७२/३/२५ | सुनौलो हजार कार्यक्रम | गौतमपुर गा.वि.स. का सुनौलो हजार कार्यक्रमका टयूवेल ८ थान, एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २थान खरिदको भ्यटसमेत रु ९१००३।४२को समाग्री खरिद | गौतमपुर गा.वि.स. का सुनौलो हजार कार्यक्रमको विभिन्न १८ समूह | १६३८०६१.५६ | टयूवेल ८ थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २ थान खरिदको भ्यटसमेत रु ९१००३।४२ को समाग्री खरिद गरेकोमा प्रयोग गर्ने विधि सहितको समूहको निर्णय सहित कस्को स्वामित्वमा रहने हो सो खुल्नेगरि हस्तान्तरण गरेको भरपाई पेश नभएको । |
| १०-२०७२/३/२५ | सुनौलो हजार कार्यक्रम | भोक्राहा गा.वि.स. का सुनौलो हजार कार्यक्रमका टयूवेल ८थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २थान खरिदको भ्यटसमेत रु ९१००३।४२को समाग्री खरिद | भोक्राहा गा.वि.स. का सुनौलो हजार कार्यक्रमको विभिन्न १८ समूह | १६३८०६१.५६ | टयूवेल ८ थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २ थान खरिदको भ्यटसमेत रु ९१००३।४२ को समाग्री खरिद गरेकोमा प्रयोग गर्ने विधि सहितको समूहको निर्णय सहित कस्को स्वामित्वमा रहने हो सो खुल्नेगरि हस्तान्तरण गरेको भरपाई पेश नभएको । |
| १०-२०७२/३/२५ | सुनौलो हजार कार्यक्रम | मधुवन गा.वि.स. का सुनौलो हजार कार्यक्रमका टयूवेल ८थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २थान खरिदको भ्यटसमेत रु ९१००३।४२को समाग्री खरिद | मधुवन गा.वि.स. का सुनौलो हजार कार्यक्रमको विभिन्न १८ समूह | १६३८०६१.५६ | टयूवेल ८ थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २ थान खरिदको भ्यटसमेत रु ९१००३।४२ को समाग्री खरिद गरेकोमा प्रयोग गर्ने विधि सहितको समूहको निर्णय सहित कस्को स्वामित्वमा रहने हो सो खुल्नेगरि हस्तान्तरण गरेको भरपाई पेश नभएको । |
| १०-२०७२/३/२५ | सुनौलो हजार कार्यक्रम | महेन्द्रनगर गा.वि.स. का सुनौलो हजार कार्यक्रमका टयूवेल ८थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २थान खरिदको भ्यटसमेत रु ९१००३।४२को समाग्री खरिद | महेन्द्रनगर गा.वि.स. का सुनौलो हजार कार्यक्रमको विभिन्न १८ समूह | १६३८०६१.५६ | टयूवेल ८ थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २ थान खरिदको भ्यटसमेत रु ९१००३।४२ को समाग्री खरिद गरेकोमा प्रयोग गर्ने विधि सहितको समूहको निर्णय सहित कस्को स्वामित्वमा रहने हो सो खुल्नेगरि हस्तान्तरण गरेको भरपाई पेश नभएको । |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१०-२०७२/३/२५</td><td>सुनौलो हजार कार्यक्रम</td><td>रामनगर भुटाहा गा.वि.स. का सुनौलो हजार कार्यक्रमका टयूवेल ८थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २थान खरिदको भ्यटसमेत रु ९१००३।४२को समाग्री खरिद</td><td>रामनगर भुटाहा गा.वि.स. का सुनौलो हजार कार्यक्रमको विभिन्न १८ समूह</td><td>१६३८०६१.५६</td><td>टयूवेल ८ थान,एम्बुलेन्स रिक्सा १ थान र स्ट्रेचर २ थान खरिदको भ्यटसमेत रु ९१००३।४२ को समाग्री खरिद गरेकोमा प्रयोग गर्ने विधि सहितको समूहको निर्णय सहित कस्को स्वामित्वमा रहने हो सो खुल्नेगरि हस्तान्तरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>८१९०३०७.८०</td><td></td></tr>
</table>
यसरी ऐन र नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी र खर्च प्रमाणित हुने विल भर्पाई संलग्न नराखी खर्च गरेको कारण भुक्तानी खर्च लेख्दा कार्यालयको आर्थिक अनुशासन कमजोर हुन जाने देखिन्छ । तसर्थ, नियमानुसारको बिल, भरपाई बेगर भुक्तानी खर्च लेखेको आधार र बिल भरपाई सहीतको सक्कल प्रमाण पेश हुनुपर्ने रु.</td><td>८१९०३०७.८०</td><td></td><td></td></tr>
<tr><td>६५</td><td></td><td>आलेपको व्यहोरा कार्यान्वयनः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणले औल्याएका व्यहोरा उपर कारवाही गरि अन्तिम लेखापरिक्षण हुँदाका बखत लेखा श्रेस्ता दुरुस्त बनाउनु पर्दछ । तर यस कार्यालयको आन्तरिक लेखापरिक्षण प्रतिवेदनले औल्याएका कुनैपनि व्यहोरा उपरको कारवाही भए गरेको देखिन आएन । कार्यालयमा पेश भएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन कहिले पेश भएको हो खुलाइएको छैन । अन्तिम लेखापरिक्षणको कारवाही हुँदासम्म समेत आन्तरीक लेखापरीक्षणले औल्याएका व्यहोरा कार्यान्वयन नुहँदा आन्तरीक नियन्त्रण प्रणाली फितलो हुनुको साथै वित्तिय सुशासन जोखिम न्यूनीकरणमा कार्यालय कमजोर रहन पुग्दछ । तसर्थ, आन्तरीक लेखापरीक्षणले औल्याएका समग्र व्यहोरा मध्ये माथि समावेश नभएको बाँकी व्यहोरा फछ्र्यौट भएको नदेखिंदा निम्नानुसार कायम गरिएको छ :</td><td></td><td></td><td></td></tr>
<tr><td>६५.१</td><td></td><td><u>नियमावलीले ब्यवस्था गरेको खाता अभिलेख नरहेको सम्बन्धमाः</u><br>स्थानीय निकायको आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० मा व्यवस्था गरे बमोजिम क देखी ख ख सम्म जम्मा ७९ वटा अनुसूचीमा व्यवस्था गरेको छ तर आवश्यक खाता तथा अभिलेखहरू प्रयोग गरेको पाइएन जस्तैः-<br>(क) सम्पत्ति विवरण खाता अनुसूची १९ संग सम्बन्धित<br>(ख) ठेकेदार/उपभोक्ता समिति ।<br>गैर सरकारी संस्थाको व्यक्तिगत ,, ६८ सँग ,, ,,<br>(ग) आइटमवाइज कार्य अभिलेख खाता ,, ६७ ,, ,, ,,</td><td></td><td></td><td></td></tr>
<tr><td>६५.२</td><td></td><td>धरौटी वापतको पेश्की : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९४ मा उल्लेख भए बमोजिम गाउं विकास समिति एवं नगरपालिकाले टेलिफोन, धारा, वत्ती र यस्तै अन्य सुविधा वापत धरौटी राखेको रकम विवरण निर्धारित</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ढाँचामा जिल्ला विकास समितिमा पठाउनु पर्नेछ । त्यस्तो विवरण प्राप्त भएपछि जि.वि.स.ले धरौटी रकमको छुट्टै लगत जनाई त्यसको सूचना गाउं विकास समिति र नगरपालिकालाई दिनुपर्नेछ भनिएकोमा नियम बमोजिमको अभिलेख व्यवस्था भएको देखिएन । | | | |
| ६५.३ | २५-२०७२।३।२५ | **स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम व.शि.नं. ३६५८०८४**<br>एकम्वा ४ को मुढा खोलामा पुलको एप्रोज निमार्ण कार्यका लागी जय कन्स्ट्रक्शन राजविराज १ लाई रू. २६०,६५६।९५ भुक्तानी दिन योजना शाखावाट सिफारिस भई आएकोमा रू.२,७६,८८३।९५ भुक्तानी भई रू. १६,२२६।०० वढी भुक्तानी भएकोले सो रकम निजवाट असुल उपर गरी दाखिला गर्नुपर्ने रू. | १६,२२६।- | | |
| ६५.४ | १४-२०७१।५।५ | **जि.वि.स. कोष पुंजिगत**<br>वाल विकास कार्यक्रम अन्तरगत निश्चल सपलायर्सलाई शैक्षिक सामाग्री खरिद गरेवापत रू. १,९७,३५५।०० भुक्तानी भएकोमा कुन कुन वाल विकासलाई उक्त सामाग्री वितरण गरिएको हो यसको भरपाई एवं हस्तान्तरण फारम पेश नभएको रू. | १,९७,३५५।- | | |
| ६५.५ | २५४-०७२।३।१५ | समाजिक न्याय मञ्च मधुवन सुनसरीलाई दलित कार्यक्रम संचालन गरेवापत रू. १,१०,०००।०० भुक्तानी भएकोमा रू.१,०४,११७।०० मात्र खर्च भएको विल भरपाई पेश भएको । विल भरपाई वेगर खर्च लेकोको रू. | ५८८३।- | | |
| ६५.६ | १६-२०७२।३।३१ | **ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम :**<br>प्लाई हाउस ग्लास कर्नर इनरूवालाई ट्युवेल खरिद गरेवापत रू. १,४९,८५६।- भुक्तानी भएकोमा ट्युवेल सेट २४ थान सम्बन्धित व्यक्तिले बुझिलिएको भरपाई तथा हस्तान्तरण फाराम पेश नभएको रू. | १,४९,८५६।- | | |
| | | **जि.वि.स. अनुदान पूँजीगत** | | | |
| ६५.७ | ४,५-२०७१।५।३० | सम्बन्धित कार्यक्रम अनुसारको हस्तान्तरण गरेको प्रमाण पेश नभएको रू. | ४५१,२४२।- | | |
| ६५.८ | ३५-०७१।९।३ | सिग्नल नेपाल प्रा.लि. काठमाण्डौंलाई सूचना प्रकाशन वापत माग दावी निवेदन र भरपाई संलग्न नगरी भुक्तानी दिएको | ९४,०१६।- | | |
| ६५.९ | ५५-०७१।१०।२१ | भगवती पेपर वर्क्स सुनसरीलाई भुक्तानी रू. २,९२,३८७- गरेकोमा कर विजक नं. सच्याएकोले मू.अ. कर समायोजन विवरण पेश गर्नुपर्ने रू. | १७,५५०।- | | |
| ६५.१० | ७४-०७१।१२।३० | रू. १,२२,०४०।- भुक्तानी भएकोमा सम्बन्धित गा.वि.स.लाई बुझाएको भरपाई पेश नभएको रू. | १२२,०४०।- | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ६५.११ | १३३-०७२।२।१४ | लक्षित कार्यक्रम अनुसार वितरण गरेको भरपाई पेश नभएको रू. | २०४,९२६।- | | |
| ६५.१२ | १३४-०७२।२।१४ | खरिद सामान दाखिला रिपोर्ट तथा विल भरपाई संलग्न गरेको प्रमाण पेश नभएको रू. | ७८,१६६।- | | |
| ६५.१३ | १३५-०७२।२।१४ | कुन प्रयोजनको लागि सामान खरिद भएको हो खुल्ने कागजात संलग्न नरहेकोले पेश गर्नुपर्ने रू. | ५१,२९०।- | | |
| ६५.१४ | २३७-०७२।३।१५ | खरिद सामाग्रीको जिन्सी दाखिला र हस्तान्तरण गरेको प्रमाण पेश नभएको रू. | ८९५,८०९।- | | |
| ६५.१५ | २७४,२८३,२८४ | प्रतिवेदन लेखन कार्य भनि भुक्तानी भएतापनि प्रतिवेदन संलग्न नगरेको रू. | १८,०००।- | | |
| ६५.१६ | २९३-०७२।३।२२ | विल भरपाई वेगरको भुक्तानी गरेकोले आवश्यक कागजात समावेश नभएको रू. | १,००,०००।- | | |
| ६५.१६ | ३१८-०७२।३।२४ | पेश्की फछ्र्यौट रू. ३,००,०००।- गरेकोमा कर कट्टी दाखिला नगरेको रू. १४,४००।- र रू. १३,४२७- को विल भरपाईको प्रमाण पेश नभएको रू. | २७,८२७।- | | |
| ६५.१७ | ३३०-०७२।३।२५ | कार्यक्रम अधिकृत भेषराज घिमिरेलाई प्रतिवेदन लेखन वापत रू. २५,५००।- भुक्तानी भएकोमा प्रतिवेदन संलग्न नरहेको रू. | २५,५००।- | | |
| ६५.१८ | ३९८-०७२।३।२५ | पेश्की रू. १६०,०००।- फछ्र्यौट गर्दा विल भरपाई संलग्न नभएको रू. | ३५,३२५।- | | |
| ६५.१९ | २७-०७२।१।२० | <u>निर्वाचन क्षेत्र विकास कार्यक्रम</u><br>नपुग विल भरपाई पेश गर्नुपर्ने रू. | ३२,५००।- | | |
| ६५.२० | २८६-०७२।३।२३ | सैनिक भवनलाई स्लाव कल्भर्ट निर्माण उ.स.धरान ८ लाई भुक्तानी भएको रकम बुझिलिएको दस्तखत गराएको नपाइएकोले रकम बुझिलिएको प्रमाण पेश हुनुपर्ने | ६,३१,७५०।- | | |
| ६५.२१ | ३६०-०७२।३।२५ | अमर सेवा समाज बहुउद्देश्यीय धरान १३ लाई भुक्तानी भएको रकम बुझिलिएको दस्तखत नदेखिएकोले रकम बुझेको प्रमाण पेश हुनुपर्ने | ६८,२५०।- | | |
| ६५.२२ | ४०५-०७२।३।२५ | राजावास माइनर उ.स. प्रकाशपुरको संलग्न प्रमाणित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १२,२२,९२२।- | | |

**बेरुजु तथा फछ्र्यौट** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका वेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुने छ भन्ने उल्लेख छ । कार्यालयवाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु फछ्र्यौटको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | वेरूजु रू. |
|---|---|---|
| १ | केन्द्रीय शिर्षक तर्फको वेरूजु | ५,९१,८०,२२२।- |
| २ | कोषतर्फको वेरूजु | १६,६२,११,९९४।१२ |
| | **जम्मा** | २२,५३,९२,२१६।१२ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले लेखापरीक्षण टोलीसमक्ष निम्न आ.व.को वेरूजु रू १,५८,२५,९८०।- को सम्परीक्षणका लागि पेश गरेको मध्ये रू १,५४,८८,३८०।- प्रमाण कागजात र रू. ३,३७,६००।- बेरूजू दाखिलाको आधारमा सम्परीक्षण गरिएको छ । कार्यालयले फछ्र्यौट गर्न बांकी रहेको बेरूजु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनूसार कारवाही गरी फछ्र्यौट गर्नुपर्ने देखिन्छ । | | | |

| सि.नं. | आर्थिक वर्ष | दफा | संक्षिप्त व्यहोरा | अनुरोध रकम | फछ्र्यौट रकम |
|---|---|---|---|---|---|
| १. | ०६९/७० | १२ | १. ठे.गितान्जली/ब्राइटवुल/सिटौला जे.भी. मो.पेश्की | ३३,३९,६००।- | ३३,३९,६००।- |
| २. | ,, | ,, | २. ठे. कृष्ण गृल एण्ड इन्जिनियरिङ्ग मो.पेश्की | ५,३८,८८०।- | ५,३८,८८०।- |
| ३. | ,, | ,, | ३. जल्पापुर गा.वि.स. सा.सु. पेश्की | ७५५,०००।- | ७५५,०००।- |
| ४. | ,, | ,, | ४. दुहवी गा.वि.स. सा.सु. पेश्की | ३९,७१,२००।- | ३९,७१,२००।- |
| ५. | ,, | ,, | ५. भोक्राहा गा.वि.स. सा.सु. पेश्की | १८,७३,८००।- | १८,७३,८००।- |
| ६. | ,, | ,, | ६. अमाहीवेल्हा गा.वि.स. सा.सु. पेश्की | ११,१७,०००।- | ११,१७,०००।- |
| ७. | ,, | ,, | ७. सोनापुर गा.वि.स. सा.सु. पेश्की | १३,३५,९००।- | १३,३५,९००।- |
| ८. | ,, | ,, | ८. नरसिंह गा.वि.स. सा.सु. पेश्की | १४,८१,०००।- | १४,८१,०००।- |
| ९. | ,, | ,, | ९. हरिनगरा गा.वि.स. सा.सु. पेश्की | ५५७,६००।- | ५५७,६००।- |
| १०. | ०७०/७१ | २ | १. नरभषा झोलुङ्गे पुल उ.स.को पेश्की | १०६,०००।- | १०६,०००।- |
| ११. | ,, | ,, | २. ठे. कृष्ण गृल एण्ड इन्जिनियरिङ्ग मो.पेश्की | ४६०,०००।- | ४६०,०००।- |
| १२. | ,, | ,, | ३. पुरानो गढी झोलुङ्गे पुल उ.स.को पेश्की | १००,०००।- | १००,०००।- |
| १३. | ,, | ,, | ४. तालतलैया ट्रस पुल इटहरी | १९०,०००।- | १९०,०००।- |
| | | | **जम्मा** | **१५,८२५,९८०।००** | **१५,८२५,९८०।००** |

लगत कट्टाको जानकारी पछि पठाइने छ ।